# चौथो वार्षिक प्रतिवेदन

आ.व.२०७८/०७९

(२०७८ श्रावण - २०७९ आषाढ)

**थारू आयोग, नेपाल**

अनामनगर, काठमाडौं

## प्रतिवेदन तयारी समिति

१. मा.डा. उमा शंकर प्रसाद चौधरी,सदस्य, थारु आयोग
२. श्री कृष्णकान्त उपाध्याय, सचिव, थारू आयोग
३. श्री घनश्याम उपाध्याय, उप सचिव, थारू आयोग
४. श्री अन्जु सिंह के. सी, उप सचिव, थारू आयोग
५. श्री सुनिता तुम्बाहाङ्फे, शाखा अधिकृत, थारु आयोग
६. श्री चन्दा थापा ,शाखा अधिकृत, थारू आयोग
७. श्री नन्दा पौडेल, शाखा अधिकृत, थारू आयोग


**सुझाव एवं सम्पर्कका लागि ठेगाना**

थारू आयोग, अनामनगर, काठमाडौं, नेपाल

फोन नं : ०१-५७०५११८, ०१-५७०५११९, ०१-५७०५०८४

टोल फ्रि नम्बर : १६६०-०१-५७-०००

इमेल :info@tharucommission.gov.np

वेबसाइट :http://www.tharucommission.gov.np

# थारू आयोग नेपाल

पत्र संख्या: २०७८/७९
चलानी नं:

काठमाडौं–२९ अनामनगर
टोल फ्रि नं. : १६६००१५७०००
फोन नं. ५७०५११८, ५७०५११९

मिति : २०७९/०७/

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन
शीतल निवास, काठमाडौं ।

**विषय : आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गरिएको ।**

यस आयोगले आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरेका काम कारवाहीहरू र सोको उपलब्धिका बारेमा थारू आयोग ऐन, २०७४ को दफा २२ बमोजिम चौथो वार्षिक प्रतिवेदन तयार गरी पेश गरेको छु ।

**भवदीय**

..........................
विष्णु प्रसाद चौधरी
अध्यक्ष

# थारू आयोगका पदाधिकारी



**माननीय बिष्णु प्रसाद चौधरी**
अध्यक्ष



**माननीय सुबोध सिंह थारू**
सदस्य




**माननीय भोलाराम चौधरी**
सदस्य



**माननीय डा. उमाशंकर प्र. चौधरी**
सदस्य



**माननीय शान्ती मोदी**
सदस्य



**कृष्णाकान्त उपाध्याय**
सचिव

# थारू आयोग नेपाल


पत्र संख्याः २०७८/७९
चलानी नंः

काठमाडौं–२९ अनामनगर
टोल फ्रि नं. : १६६००१५७०००
फोन नं. ५७०५११८, ५७०५११९


## आयोगको भनाई

नेपालको संविधानको धारा २९४ तथा थारू आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगले आफूले गरेको काम कारवाहीका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने व्यवस्था गरेको छ। सोही बमोजिम कानुनले निर्दिष्ट गरेको व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक वर्ष आयोगले गरेका कृयाकलाप तथा स्वीकृत वार्षिक कार्यक्रमको प्रगति एवं उपलब्धिहरू समेटेर वार्षिक प्रतिवेदन प्रकाशन हुँदै आएको छ। सोही कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०७८/०७९ मा आयोगबाट वार्षिक रुपमा भएका कार्यक्रमको कार्यान्वयनको विवरण, सोको प्रगति, नीतिगत सुधारका विषय, आयोगबाट नेपाल सरकार वा अन्य निकायलाई दिएको सिफारिश र सुझावको विवरण, सोको कार्यान्वयनको अवस्था, आयोगसँग सम्बन्धित वार्षिक भौतिक तथा वित्तीय प्रगति, चालु तथा पुँजीगत खर्चको प्रगति लगायत अन्य विषयको मूलभूत जानकारी सहितका विषयहरू समेटी तयार गरिएको प्रस्तुत बार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्न पाउँदा गौरवान्वित भएका छौं।

थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र संवर्द्धन तथा सशक्तिकरण गर्ने उद्धेश्यले थारु आयोगको स्थापना भएको हो। यस आयोगले प्राप्त कानुनी अधिकार बमोजिमको कार्य गर्ने सन्दर्भमा समय-समयमा सम्बन्धित सरोकारवालासँग छलफल, अन्तर्क्रियाका कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ भने त्यहाँबाट प्राप्त सुझावका आधारमा नेपाल सरकार तथा अन्य सरोकारवाला निकायलाई विविध विषयमा सिफारिशहरू गर्ने गरेको छ।

विगतका वर्षहरूमा सबै पदाधिकारीहरूको पदपूर्ति नभएको अवस्थामा कार्यसम्पादनमा केही असहजता, निर्णय लिन केही कठिनाई रहेको थियो भने हाल आयोगमा सबै पदाधिकारीहरूको पदपूर्ति भएको छ। तत्पश्चात् आयोगबाट थारु समुदायको हक, हित, सशक्तीकरणका लागि सामूहिक निर्णयहरू लिई उक्त समुदायको हितमा अझै सशक्त रुपमा कार्य अगाडि बढाईएको छ। सबै पदाधिकारीहरूको नियुक्ति पछि थारु बाहुल्य क्षेत्रहरूको भ्रमण गरी त्यस क्षेत्रका सरोकारवाला व्यक्तिहरूसँग भेटघाट एवं अन्तर्क्रिया समेत गरिएको छ। यसरी भेटघाट एवं अन्तर्क्रिया बाट उठेका विषयलाई मनन गर्दा आयोगको कार्यदिशामा थप स्पष्टता हुँदै गएको छ।

आर्थिक वर्ष २०७७/०७८ को अन्त्यतिर विश्वव्यापी महामारीका रुपमा देखा परेको कोभिड -१९ को प्रकोपले आयोगको कार्यसम्पादनमा केहि असहज परिस्थति उत्पन्न गरेता पनि थारु समुदायको थर सूचिकरणको कार्य सम्पन्न गरी प्राप्त प्रतिवेदन प्रकाशनको क्रममा रहेको छ। यस आर्थिक वर्षमा गण्डकी , बाग्मती प्रदेश र प्रदेश

नं १ का थारु समुदायको ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको सूचीकरण भई सातै प्रदेशको सम्पदा सूचीकरणको कार्य सम्पन्न भएको छ। सिकलसेल एनेमिया रोगको रोकथाम तथा उपचार सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरी जानकारी पुस्तिका प्रकाशन गरिएको छ। लुम्बिनी, गण्डकी र बाग्मती प्रदेशका थारु समुदायको चित्रकला सम्बन्धमा अध्ययन,अनुसन्धान गरी प्रतिवेदन प्राप्त भएको छ। थारु समुदायको लोककथाहरूको संकलन गर्ने कार्य आयोगबाट भएको छ। साथै सातै प्रदेशका सुनसरी, पर्सा, चितवन,नवलपरासी पूर्व, नवलपरासी पश्चिम, सुर्खेत र कैलाली जिल्लाहरूमा महिला अधिकार /कानुनी शिक्षा / विद्यमान कुरीति र अन्धविश्वास न्यूनिकरण सम्बन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम, दाङ र रौतहट जिल्लामा सीप विकास तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। थारु समुदायको समग्र स्थितिको अध्ययन सम्बन्धी प्रतिवेदन प्राप्त भएको छ।आयोगकोभौतिक प्रगति ९७.५० प्रतिशत र वित्तिय प्रगति ९१.८८ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७७/०७८ मा हासिल गरेका प्रगति र महशुस भएका कमजोरीबाट पाठ सिक्दै आ.ब. २०७८/०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाई तोकिएका लक्ष्य तोकिएकै समयमा हासिल गर्नको लागि आर्थिक वर्षको शुरुवातबाट नै वार्षिक कार्ययोजना तयार गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गरी कार्यप्रगती हासिल गरिएको थियो।

अन्त्यमा, आयोगका हरेक कामकारवाहीमा निरन्तर साथ, सहयोग, हौसला र प्रेरणा दिनुहुने थारु समुदायका सरोकारवाला संघ संस्था, बुद्दिजीवि एवं सम्पूर्ण थारु समुदायप्रति कृतज्ञता ज्ञापन गर्दछौं। आर्थिक वर्ष २०७८/०७९ को उपलब्धि हासिल गर्न योगदान दिनुहुने सबै प्रति आभार प्रकट गर्दै आगामी दिनमा आयोगलाई सशक्त ढंगले अगाडि बढाउनका लागि सहयोग गर्नुहुन सबैलाई आग्रह गर्दछौ।

धन्यवाद।

**मा.विष्णु प्रसाद चौधरी**
अध्यक्ष

**मा.सुवोध सिंह थारु**
सदस्य

**मा.भोलाराम चौधरी**
सदस्य

**मा.डा. उमाशंकर प्रसाद चौधरी**
सदस्य

**मा. शान्ती मोदी**
सदस्य

# थारू आयोग नेपाल

पत्र संख्याः २०७८/७९
चलानी नंः

काठमाडौं-२९ अनामनगर
टोल फ्रि नं. : १६६००१५७०००
फोन नं. ५७०५११८, ५७०५११९

## मन्तव्य

नेपालको संविधानको धारा २९४ तथा थारू आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगले आफूले गरेको काम कारवाहीका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम कानुनले निर्दिष्ट गरेको व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक वर्ष आयोगले स्वीकृत वार्षिक कार्यक्रमको प्रगति एवं उपलब्धिहरू समेटेर वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ। सोही कार्यलाई निरन्तरता दिँदै आर्थिक वर्ष २०७८/०७९ मा पनि आयोगबाट सम्पादित प्रमुख कार्य, सोको उपलब्धी, समस्या तथा चुनौतीहरू र सुझाव लगायतका विषयहरू समेटी तयार गरिएको प्रस्तुत बार्षिक प्रतिवेदन प्रकाशन भएकोमा खुसी लागेको छ।

यस आर्थिक वर्षमा चालुतर्फ खर्चको प्रगति ९१.३२ प्रतिशत, पूँजीगत तर्फ खर्चको प्रगति ९२.९१ प्रतिशत र समग्रमा खर्च प्रतिशत ९१.७९ प्रतिशत रहेको छ। वार्षिक स्विकृत कार्यक्रमको भौतिक प्रगति ९७.५० प्रतिशत र वित्तीय प्रगति ९१.८८ प्रतिशत रहेको छ। यसै आर्थिक वर्षमा नीतिगत तथा कानुनी सुधारका लागि थारु आयोग नियमावली, २०७८ तयार गरी कार्यान्वयनमा ल्याईएको छ भने थारू आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८, आयोगका पदाधिकारीहरूको कार्यविभाजन, आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८, आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ र सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड २०७८ निर्माण गरिएका छन्। यसबाट आयोगको कार्यसम्पादनमा सहजता पुग्ने अपेक्षा लिएको छु।

आयोगको वार्षिक कार्यक्रमको उद्धेश्य प्राप्तिका लागि अहोरात्र खटिएका कर्मचारीका अतिरिक्त अन्य विभिन्न व्यक्तिहरूको योगदान नै सकारात्मक नतिजाको प्रमुख आधार रहेको छ। तसर्थ, आयोगको अपेक्षित लक्ष्य प्राप्तिका लागि गर्नुभएको सहयोग र क्रियाशिलताका लागि सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु। आयोगका माननीय अध्यक्ष एवं सदस्यज्यूहरूको मार्गनिर्देशन, राय, सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ। आगामी दिनहरूमा समेत आयोगलाई यसै गरी प्रत्यक्ष एवं परोक्ष सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु। साथै यस वार्षिक प्रतिवेदन तयारीमा खटिनु हुने कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

धन्यवाद।

**कृष्णकान्त उपाध्याय**
सचिव

**विषयसूची**

शिर्षक पृष्ठ

परिच्छेद - १ः परिचय

परिच्छेद -२ : आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू

परिच्छेद -३ : आयोगको काम, कर्तव्य र अधिकार

परिच्छेद- ४ :आ.व. ०७८/७९ मा आयोगबाट तर्जुमा गरिएको कानुनी व्यवस्था

परिच्छेद- ५ः आयोगको वित्तीय तथा भौतिक विवरण

परिच्छेद- ६ः सम्पादित बैठकहरू

परिच्छेद- ७ः आ.व. २०७८/०७९ मा सम्पादित कार्यक्रम र प्राप्त उपलब्धिहरू

परिच्छेद- ८ : आयोगको वार्षिक प्रगति विवरण

परिच्छेद - ९ : सुशासन प्रवर्द्धन सम्बन्धी व्यवस्था

परिच्छेद- १०ःसमस्या, चुनौती र आयोगका सुझावहरू

**अनुसुचीहरू**

अनुसुची - १: आयोगमा आ.व.२०७८/०७९ मा कार्यरत कर्मचारीहरूको नामावली

अनुसुची -२:थारु आयोगबाट आ व २०७८/७९ मा विभिन्न समयमा विभिन्न विषयमा भएका कार्यक्रम तथा अनुगमनबाट प्राप्त सुझावहरू

अनुसुची-३ थारु सम्बद्ध लेख रचना सम्बन्धी स्मारीकामा प्रकाशित लेख रचनाको विवरण

अनुसुची-४: सिकल सेल एनेमिया र थालेसेमिया रोगसम्बन्धी जानकारी पुस्तिका

अनुसुची -५: थारु लोककथाको विषय र संकलकहरूको नामावली

अनुसूचि-६: पूर्वी नवलपरासी, चितवन र मकवानपुर जिल्लाकाथारू समुदायको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा सूचीकरण सम्बन्धी विवरण

अनुसुची -७ : पूर्वी नवलपरासी, चितवन र मकवानपुर जिल्लाका थारू समुदायको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अध्ययन वाट औल्याइएका समस्या तथा सुझावहरू

अनुसूचि-८ : लुम्बिनी, गण्डकी र बाग्मती प्रदेशका विभिन्न क्षेत्रमा रहेका थारु समूदायका चित्रकला

अनुसूचि-९: आयोगवाट सम्पादित कार्यक्रमका केही झलकहरू

परिच्छेद - एक

# परिचय

१.१ **पृष्ठभूमि** :

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मूलुक हो। राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा १२५ जातजाती र भाषा आयोगको पछिल्लो तथ्यांक अनुसार १३१ भाषा भाषी रहेको देखिन्छ। यी विभिन्न जातजाति र समुदायमध्ये थारू समुदाय पनि एक हो। थारू समुदाय नेपालका भूमिपुत्र आदिवासी भनी परिचित छन्। थारू आयोग ऐन, २०७४ को दफा २(घ) ले थारू समुदाय भन्नाले थारू आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको आदिवासी थारू सम्झनु पर्दछ भनी परिभाषित गरेको छ। यस जातिलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूची -२ मा पनि सूचीकृत गरिएको छ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस समुदायको जनसंख्या १७ लाख ३७ हजार ४७० रहेको देखिन्छ। यो सम्पूर्ण जनसंख्याको ६.५६ प्रतिशत हो। नेपालको राष्ट्रिय जनगणना २०५८ मा १५ लाख ३३ हजार ८७९ जनसंख्या थियो जुन तत्कालीन सम्पूर्ण जनसंख्याको ६.७५ प्रतिशत हो। यो जाति तराईमा बस्ने सवैभन्दा ठुलो जनसंख्या भएको जाति हो। बढि संख्यामा तराईमा बसोवास गर्दै आएको यो समुदाय पछिल्लो समयमा नेपालको सबै जिल्लामा बसोवास गर्दै आएको देखिन्छ।

मलेरिया रोग लगायतका विभिन्न महामारी र हिंस्रक जंगली जनावरहरूसंग सामना गर्दै तराइलाई खेतिपाति र मानव बसोबास योग्य बनाउने थारू समुदायको मुख्य भूमिका रहेको छ। थारु समूदायले अंग्रेजसंगको युद्धमा स्वदेशी सेनालाई खाद्यान्न सहयोग गर्ने र सरकारलाई पोत बुझाइ राज्य संचालनमा महत्वपूर्ण योगदान दिएका थिए। अहिले पनि कृषि उत्पादनमा थारु समुदायको महत्वपूर्ण भूमिका रहेको छ। तराइको सिमानामा बस्ने यो समुदायले विगतदेखि नै सीमा सुरक्षामा महत्वपूर्ण योगदान गर्दै आएका छन्। यो समुदाय विगतदेखि नै प्रकृतिसंग नजिक रहेकोले तराई क्षेत्रको चारकोशे झाडी लगायत वन तथा वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउदै आएका छन्। हात्ती संरक्षण र परिचालनमा महत्वपूर्ण भूमिका खेलेको कुरा अहिले पनि अधिकांश माहुतेहरू थारू समुदायका व्यक्ति रहँदै आएकोबाट स्पष्ट हुन्छ। विभिन्न अध्येता, इतिहासविद्हरूबाट "**द लाइट अफ एशिया**"का रुपमा परिचित गौतमबुद्धलाई थारूको सन्तान भनी उल्लेख गरिएको पाइन्छ। यसले गर्दा विश्व समुदायसंग यस समुदायको धार्मिक अन्तरसम्बन्ध रहन गएको छ। अहिंसा, शान्ति र आपसी सद्भावमा विश्वास गर्ने यो समुदायको राष्ट्रिय एकतामा महत्वपूर्ण भूमिका रहेको छ। थारु समुदायको यिनै भूमिकाबाट समग्र पर्यटन क्षेत्रको प्रबर्धन तथा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान रहँदै आएको छ।

यस समुदायको आफ्नै भाषा, संस्कृति, भेषभूषा, सभ्यता, संस्कार र परम्परा रहेको छ। भूगोल अनुसार भिन्न भिन्न क्षेत्रका थारू समुदायका भाषा, संस्कार, संस्कृति, रितीरिवाज, चालचलनमा केही विविधता पनि छ। समुदायभित्र

आफ्नै प्रथाजनित परम्परागत कानूनी व्यवस्था रहेको छ। यस समुदायभित्र विभिन्न थर उपथर रहेका छन् । यो समुदायमा घोंघी, ढिक्री(बगिया), मार, सुखौत, चिचर(अन्डिक भात), तिलौरी, अदौरी र मच्छि जस्ता खानाको परिकारहरू प्रख्यात छन् । यिनीहरूले माघ, डश्या, डेवारी, होरी, अष्टिम्की, अट्वारी, जितिया, शिरुवा, चौठीचाँन, सामा चकेवा जस्ता विविध पर्वहरू मनाउँछन् । समाजमा एक आपसमा एकताबद्ध भएर सामन्जस्य तवरले बसोबास गर्ने यस समुदायको पहिचान हो ।

प्राचीन समयदेखि नै नेपालमा बसोबास गर्दै आएका थारू समुदायको मुख्य पेशा कृषि हो । यो समुदाय पछिल्लो समयमा अन्य पेशामा पनि आवद्ध हुँदै आएका छन् । यी समुदाय ग्रामीण तथा शहरी ग्रामीण क्षेत्रमा बढि संख्यामा बसोबास गरेको देखिन्छ । जसले गर्दा उद्योग र व्यापार व्यवसायमा संलग्नता पनि कमै रहेको छ । यसरी औद्योगिक क्षेत्रमा न्यून सहभागिता र अपवाद बाहेक मुख्यतः परम्परागत निर्वाहमुखी कृषि पेशामा संलग्न रहेको देखिँदा यस समुदायमा गरिवीको संख्याको एकिन तथ्यांक नभएपनि अधिक रहेको आंकलन गर्न सकिन्छ ।

मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको मानव विकास सूचकाङ्क (HDI)०.५८७, **हिमालको ०.५६४, पहाडको ०.६२३, तराईको ०.५६३, शहरी क्षेत्रको ०.६४७ र ग्रामीण क्षेत्रको ०.५६१ रहेको थियो। तराई र ग्रामीण क्षेत्रको मानव विकास सूचकाङ्क (HDI), हिमाल, पहाड र नेपालको समग्र मानव विकास सूचकाङ्क (HDI) भन्दा कम रहेको छ ।**यसबाट अधिक संख्यामा तराईको ग्रामीण क्षेत्रमा बसोबास गर्ने थारू जातिको मानव विकास सूचकाङ्क न्यून छ भन्ने स्पष्ट हुन जान्छ ।

मानव विकास प्रतिवेदन, २०२१/२२ अनुसार नेपालको मानव विकास सूचकाङ्क (HDI)०.६०२ रहेको छ ।

नेपालमा समावेशीकरणको नीति अबलम्बन गरेसंगै यस समुदायको राजनीति र प्रशासनको क्षेत्रमा संख्यात्मक रुपमा वृद्धि हुँदै गएको भए पनि सहभागिता ज्यादै न्यून रहेको छ। राजनीतिक प्रतिनिधित्वमा समानुपातिक निर्वाचन प्रणाली मार्फत थारू समुदायको प्रतिनिधित्व बढेको भए पनि प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व गर्नेको संख्या निकै कम छ । यसबाट प्रतिस्पर्धात्मक क्षमता र अवसरको कमी रहेको बुझ्न सकिन्छ ।

सरकारी सेवामा विशिष्ट श्रेणीमा पदधारण गरेकाको संख्या शुन्य प्रायः छ । यसले गर्दा प्रशासनिक तथा नीतिगत निर्णय प्रक्रियामा यस समुदायको सहभागिता कमजोर रहेको भन्न सकिन्छ । सरकारी सेवाका लागि योग्यता पुगेका युवाहरूमा उक्त सेवाप्रतिको आकर्षण बढ्न सकेको छैन । उच्च शिक्षा हासिल गरेका मानिसहरू औंलामा गन्ति गर्न सकिने संख्यामा रहेको देखिन्छ । यसले गर्दा थारू समुदायलाई राज्यको मूलधारमा ल्याउन कठिन छ । सरकारी क्षेत्र बाहेकका क्षेत्रमा पनि उनीहरूको उपस्थिति कमजोर देखिन्छ ।यसरी यस समुदायमा सरकारी तथा गैरसरकारी क्षेत्र, उद्योग र व्यापार क्षेत्रमा कम सहभागिता हुनु र परम्परागत निर्वाहमुखी कृषिमा अधिक संख्यामा संलग्न हुनुबाट बेरोजगारीको समस्या पनि भयावह छ भन्न सकिन्छ । कृषि बाहेक अन्य पेशालाई अबलम्बन गर्न नसक्दा यस समुदायको बसोबास भएको क्षेत्रमा सहरीकरण एवं औद्योगीकरणको विस्तार हुँदा सो क्षेत्रबाट बिस्थापित भई ग्रामीण क्षेत्रमा पलायन हुने प्रबृति देखिएको छ ।

नेपाल सरकारले वि.सं.२०५७ सालमै कमैया मुक्तीको घोषणा गरेको भए पनि पुनःस्थापनाको कार्यले पूर्णता पाउन

सकेको छैन। कतिपय कमैयाले परिचयपत्र प्राप्त गर्न नसकेको, कतिपयले जग्गा प्राप्त गर्न नसकेको, कतिपयले प्राप्त भएको जग्गा उपभोग गर्न सकेका छैनन्। घर घडेरी र रोजगारीको व्यवस्थामा पनि ध्यान पुग्न नसकेको गुनासो आउने गरेको छ। मुक्त कमैया पुनःस्थापनाको जिम्मेवारी स्थानीय तहलाई दिईएको भए पनि कार्यविधिगत अस्पष्टता, कमजोर इच्छाशक्ति, निकायगत समन्वय र सहकार्यको अभाव, थारू सम्बद्ध संघ संस्थाहरूको कमजोर समन्वय र सहभागिता लगायतका कारणले पुनःस्थापनाको कार्यले पूर्णता नपाउँदा समस्या बढ्दै जाने देखिन्छ।

नेपाल सरकारले कम्लहरी मुक्तिको घोषणा वि.सं २०७० असार १३ गते गरेको थियो। कम्लहरीहरूलाई मूक्तिको घोषणा गर्दा परिचयपत्र वितरण, छात्रवृत्ति तथा पुनर्स्थापना जस्ता सुविधाहरू उपलब्ध गराउने प्रतिवद्धता राज्यबाट गरिएकोमा सो बमोजिम भएको छैन। नेपाल सरकारको मन्त्रिस्तरिय निर्णयबाट मुक्त कमैया कम्लहरी, मुक्त हलिया, हरूवा चरुवा सम्बन्धी वस्तुस्थिति अध्ययन समितिले मिति २०७९ साउन २ गते कमैया कम्लहरी पुनर्स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेकोमा उक्त प्रतिवेदनबाट प्राप्त सुझावहरूको नेपाल सरकारबाट प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने देखिन्छ।

पछिल्लो समयमा सिकल सेल एनेमिया र थालासेमिया रोग नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कन्चनपुरका थारू समुदायमा स्वास्थ्य समस्याको रुपमा देखिएको छ। यस रोगको कारण यस समुदायका मानिसहरूको शारिरीक, मानसिक, आर्थिक, सामाजिक अवस्था विग्रनुका साथै मृत्यु हुने सम्भावना बढेर गएको छ। यो रोग नसर्ने रोग अन्तर्गत पर्ने र वंशाणुगत रुपमा रोगी बाबु आमाबाट सन्तानमा सर्ने भएकोले यसले अझै भयावह अवस्था ल्याउने आँकलन गर्न सकिन्छ।

थारू समुदायको यिनै परिस्थितिका बिच राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदान खासगरी २०६२।६३ को दोस्रो जनआन्दोलन, पटक पटक भएको थरुहट/थारूवान संयुक्त आन्दोलन र थारू समुदायको मागलाई मध्यनजर गर्दै नेपालको संविधानको भाग २७ को धारा २६३ मा थारू आयोगको व्यवस्था भएको छ। यसै गरी थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नको लागि थारू आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन, २०७४ जारी भएको छ।

थारू समुदायको अधिकार, हक हितको संरक्षण र सम्वर्द्धन गर्न गराउन नेपाल सरकारलाई आवश्यक नीति, कार्यक्रम आदिको सिफारिश गर्ने, थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने वा सुझाब दिने र थारू समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकारलाई सिफारिश गर्ने र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका काम, कर्तव्य र अधिकार यस आयोगलाई तोकिएको छ।


संघीय स्तरमा २०७५ कार्तिक २५ गते आयोग स्थापना भई कार्यसञ्चालन भईरहेको छ। ऐनको प्रावधान बमोजिम आयोगको कार्यालय आवश्यकतानुसार प्रदेशस्तरमा समेत स्थापना गर्न सकिने व्यवस्था रहेको छ।

आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालयको रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको छ। यस आयोगमा निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्ने व्यवस्था रहेको छ। यसरी थारू समुदायको उत्थान र सशक्तीकरणका लागि संवैधानिक निकायको रुपमा थारू आयोगको गठन हुनु र आयोगले संवैधानिक प्रावधान बमोजिम पूर्णता प्राप्त गर्नुलाई, थारू समुदाय लगायत सबैले सुखद पक्षको रुपमा लिनु पर्दछ।


नेपालको संविधानले आर्थिक समानता र सामाजिक न्याय कायम गर्न समानुपातिक समावेशिता र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको, समानताको हक, भाषा तथा संस्कृतिको हक, सामाजिक न्याय र सामाजिक सुरक्षा लगायतका ३१ वटा मौलिक हकहरूको व्यवस्था गरेको छ। यसै गरी जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ। सोही अनुसार नीति, योजना, कानून, कार्यविधि निर्माण हुँदै गएको तथा जनताको नजिकमा रही स्थानीय तह र प्रदेश सरकार कार्यरत रहेको छ। यसले गर्दा थारू समुदायको उत्थान र सशक्तीकरणमा थप टेवा पुग्ने आशा गर्न सकिन्छ। यस आयोगले पनि सोही अनुसार भूमिका खेल्नु पर्ने आवश्यक रहेको देखिन्छ।

## १.२ सांगठनिक संरचना र जनशक्ति

### १.२.१ संगठन संरचनाः



## मिति २०७७।८।३० को म.प.को निर्णय बमोजिम कायम भएको संगठन संरचना




**पुनश्चः**

१. अध्यक्ष, सदस्यहरू र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरू प्रशासन शाखाबाट खटाउन सकिने छ।

२. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने निजी सहायकहरू (रा.प.अनं प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ती गर्न सकिने छ।

३. आयोगका पदाधिकारी / सदस्यहरू नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ती गर्न सकिने छ।

४. आयोगका सदस्यहरू नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन) दुई (२) जना सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ती गर्न सकिने छ।

५. कम्प्युटर अपरेटर पद स्थायी पदपूर्ती नभएमा करार सेवाबाट पदपूर्ती गर्न सकिने छ।

१.३ **जनशक्ति** :

आयोगमा आ.व. २०७८|०७९ मा तपशिल बमोजिमको पदमा कर्मचारीहरू कार्यरत छन्। कर्मचारीहरूको नामावली **अनुसूची – १** मा समावेश गरिएको छ।

| **सि.नं.** | **पद** | **श्रेणी** | **स्थायी दरबन्दी** | **हाल कार्यरत** |
|---|---|---|---|---|
| १. | सचिव | रा.प.प्रथम | १ | १ |
| २. | उप सचिव | रा.प.द्वितीय | १ | २ |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | २ | २ |
| ४. | नायब सुब्बा | रा.प.अनं.प्रथम | २ | ३ |
| ५. | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ |
| ६. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | १ | १ |
| ७. | निजी सहायक | रा.प.अनं.प्रथम सरह | - | ५ करार |
| ८. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | ७ करार |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहीन | ३ | ६ करार |
| **जम्मा** | | | **१३** | **३०** |

१.४ **प्रतिवेदनको उद्धेश्य** :

थारू आयोग ऐन, २०७४ को दफा २२ (१) मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र राष्ट्रपति समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। दफा २२ (२) बमोजिम प्रतिवेदनमा आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयनको विवरण तथा लागत खर्च, आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सिफारिश तथा सुझावको विवरण, उक्त सिफारिश तथा सुझावको कार्यान्वयनको अवस्था, आयोगको आर्थिक तथा भौतिक स्रोत साधन तथा आयोगबाट सम्पादित अन्य कामकारवाहीको विवरण समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।

सोही व्यवस्था बमोजिम यस आयोगले आर्थिक वर्ष २०७८/०७९ मा सम्पादित कार्यहरू र प्राप्त गरेका उपलब्धिहरू समावेश गरेर यो प्रतिवेदन तयार गरेको छ।

**१.५ तयारी विधि :**

आयोगका पदाधिकारीहरू र कर्मचारीहरूको संयुक्त प्रयासमा आवश्यक पर्ने तथ्यांक र सूचनाहरू संकलन गरी व्यापक छलफल तथा विचार विमर्श पश्चात् वार्षिक प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ।

**१.६ प्रतिवेदनको संरचना :**

वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा प्रतिवेदनलाई १० परिच्छेदमा विभाजन गरिएको छ। जस अन्तर्गत परिच्छेद -१ मा परिचय, परिच्छेद- २ मा आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू, परिच्छेद -३ मा आयोगको काम, कर्तव्य र अधिकार, परिच्छेद- ४ मा आ.व. ०७८/७९ मा आयोगबाट तर्जुमा गरिएका कानुनी व्यवस्था, परिच्छेद- ५ मा आयोगको वित्तिय तथा भौतिक विवरण, परिच्छेद- ६ मा सम्पादित बैठकहरू, परिच्छेद- ७ मा आ.व. २०७८/०७९ मा सम्पादित कार्यक्रम र प्राप्त उपलब्धिहरू, परिच्छेद- ८ मा आयोगको वार्षिक प्रगति विवरण, परिच्छेद - ९ मा सुशासन प्रवर्द्धन सम्बन्धी व्यवस्था र अन्तिम परिच्छेदमा आयोगका समस्या, चुनौती र सुझावहरू साथै आवश्यक अनुसुचीहरू समेत राखिएका छन्।

परिच्छेद -दुई

# आयोगको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरू

## २.१ दूरदृष्टि

थारु समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्दै सबै जात जाती, भाषा भाषी र धर्म-संस्कृतिका बीच सह-कार्य, सह-अस्तित्व र सहिष्णुता कायम गरी समतामुलक समृद्ध नेपाल बनाउने ।

## २.२ ध्येय

थारु आयोग संवैधानिक तथा कानूनी कार्यादेश अनुरुप मौलिक हक र विश्वव्यापी मानव अधिकारका सिद्धान्त, मूल्य र मान्यतालाई अंगीकार गर्दैथारु समुदायको समग्र अवस्थालाई नीतिगत, कानुनी तथा संस्थागत रुपमा सुधार गर्नुका साथै इतिहास, पहिचान र संस्कृतिलाई संरक्षण र सम्वर्द्धन गर्ने उद्धेश्यले स्थापना भएको एक स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, सक्रिय र सहयोगी निकायको रुपमा रहनेछ ।

## २.३ लक्ष्य

समानुपातिक समाबेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा सामाजिक सद्भाव कायम गर्दै समतामुलक समाजको स्थापना गर्ने र आर्थिक, सामाजिक, सास्कृतिक समुन्नति हासिल गरी थारू समुदायको हक अधिकार संरक्षण गर्ने तथा निर्वाध उपभोग गर्न सक्ने स्थिति निर्माण गर्ने ।

## २.४ उद्देश्य

क) आयोगको क्षमता विकास, प्रभावकारिता वृद्धि र संस्थागत सुदृढीकरण गर्ने,

ख) थारू समुदायसँग सम्बद्ध मौजुदा नीति, कानूनी र संस्थागत व्यवस्थामा सुधार तथा आवश्यकतानुसार नयाँ व्यवस्था गर्नुका साथै कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई थारू समुदायको हक हितको संरक्षण, सम्बर्द्धन गर्दै सशक्तीकरण गर्ने,

ग) थारू समुदायको भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कला, ज्ञान, सीप, प्रविधि, पुरातात्विक वस्तु तथा स्थलहरू संरक्षण, विकास र व्यवसायीकरण गर्ने,

घ) प्रभावकारी, वस्तुनिष्ठ र निरन्तर अनुगमन गरी थारू समुदायको हक हित सुनिश्चित गर्ने,

ङ) कार्यगत सञ्जाल, साझेदारी र सहयोग विस्तार गर्ने ।

## २.५ मूल्य मान्यता

थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि संवैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम, कर्तव्य र अधिकार निर्वाह गर्ने क्रममा निम्न बमोजिमका मूल्य मान्यतालाई पूर्ण पालना गर्नेछ :

२.५.१. **समानता र न्याय**

आयोगले आफ्ना कार्य सम्पादन गर्दा नेपाल भित्र बसोवास गर्ने थारू समुदायका साथै अन्य सवै समुदायलाई उनीहरूको अवस्था र आवश्यकता समेतका आधारमा न्याय र समानताको व्यवहार गर्नेछ। नेपालमा भएका बिभिन्न जातजाती,भाषा भाषी तथा धर्म, संस्कृति मान्नेहरू का साथै सामाजिक, आर्थिक तथा शैक्षिक रुपमा फरक/कमजोर अवस्था भएकाहरूलाई समताका आधारमा सक्षमता र समानता हासिल गराउने आयोगको मान्यता रहने छ।

२.५.२. **जवाफदेहिता**

आयोगले आफूले सम्पादन गरेका कार्यको सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने, पत्रकार भेटघाट गरी जानकारी गराउने, मुख्य मुख्य कार्यहरूको विवरण आफ्नो वेबसाइटमा सार्वजनिक गर्ने गरी आफूले सम्पादन गर्ने काम कारवाहीमा पूर्ण जवाफदेहीता लिने छ। आफूले तयार गरे गराएका अध्ययन प्रतिवेदन वेबसाइटमा राख्ने तथा सरोकारवालालाई वितरण गर्ने नीति लिइनेछ। संवैधानिक व्यवस्था अनुसार आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आफ्नो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नेछ।

२.५.३. **पहुँचको सुनिश्चितता**

आयोगको कार्य, क्रियाकलाप र पदाधिकारी तथा कर्मचारीहरू सरोकारवालाहरूको सहज पहुँचमा रही आवश्यक जानकारी, सूचना तथा अभिलेख संकलन तथा सूचना प्रदान गर्न सक्ने व्यवस्था आयोगले मिलाउनेछ। कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना, जानकारी र अभिलेख बाहेकमा सर्वसाधारण तथा सरोकारवालाले सहज पहुँच प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्न आयोगले प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ। आयोगका सूचना, जानकारी तथा आवश्यक पर्ने दस्तावेजहरू वेबसाइटमा सार्वजनिकीकरण गर्ने गरिएकोछ। आयोगले सरोकारवालाको गुनासो तथा सुझाव संकलन गर्न शुल्क नलाग्ने टेलिफोनको साथै नागरिक वडापत्र, इमेल, सुझाव पेटिका,फेसबुक, ट्वीटरको पनि व्यवस्था गरिएको छ। सर्वसाधारणलाई आयोगका पदाधिकारीसँग भेटघाट गर्न तथा सरोकार राख्नका लागि निश्चित समय तोकिएको छ। सो समयमा सरोकारवालाले भेटघाट गरी सूचना माग्न तथा दिन सक्नेछन्।

२.५.४. **निष्पक्षता**

आयोगले आफ्नो कार्यसम्पादन निष्पक्ष भई गर्नेछ। थारु समुदायको हक,हित,अधिकार तथा पहिचानमा

कहि कतै कुनै ब्यक्ति वा संस्थाबाट हनन या उलंघन भएमा संबिधान तथा कानुनको परिधि भित्र रहि निष्पक्ष रुपले छानविन गरी सम्वन्धित निकायमा सिफारिस गर्नेछ। आयोगले लिङ्ग, धर्म, वर्ण, जातजाती, भाषा भाषी, आस्था, विचार, आर्थिक सामाजिक अवस्था, भौगोलिक क्षेत्र आदि कुनै पनि कुराका आधारमा कोही कसैप्रति पनि कुनै प्रकारको आग्रह वा पूर्वाग्रह राख्ने वा पक्षपातपूर्ण व्यवहार गर्ने छैन। नेपाल सरकारलाई गर्ने सिफारिश, दिने सुझाव,गर्ने समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने गराउने विषय, कार्यक्रम सञ्चालन गर्ने विषय, सहयोग गर्ने विषय, आचारसंहिता बनाई लागू गर्ने र योजना र कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी कार्य गर्दा निष्पक्षतालाई आफ्नो मूल्य र मान्यताको रुपमा अंगीकार गर्नेछ।

### २.५.५. **स्वतन्त्रता र स्वायत्तता**

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार आयोगले पूर्ण रुपमा स्वतन्त्र भई आफ्नो काम कारबाही गर्नेछ। आफ्नो काम, कर्तव्य र अधिकारका सम्बन्धमा कुनै दबाब, प्रलोभन वा पूर्वाग्रह नराखी आयोगले कार्य गर्नेछ। संवैधानिक दायित्व पूरा गर्दा आयोग स्वतन्त्रता र स्वायत्तताको मूल मर्म अनुरुप कार्य गर्न प्रतिबद्ध रहनेछ।

### २.५.६. **पारदर्शिता**

सूचनाको हक सम्बन्धी ऐन कानून तथा प्रचलित अन्य कानूनको अधीनमा रही आयोगले आफ्ना क्रियाकलाप, निर्णय, योजना आदिका बारेमा वेबसाइट, पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, प्रेसविज्ञप्ति आदिका माध्यमले प्रकाशन, प्रसारण गर्नेछ।

### २.५.७. **सहभागिता र समावेशीकरण**

आयोगले कुनै पनि चेतनामूलक कार्यक्रम सञ्चालन गर्दा या नेपाल सरकार तथा अन्य निकायलाई नीति कार्यक्रम तथा आवश्यक व्यवस्था सिफारिश गर्दा सरोकारवाला निकाय, थारूसमुदाय, बुद्धिजिवी लगायतसँग आवश्यकतानुसार अन्तरक्रिया/छलफल गर्नेछ। छलफल तथा सशक्तीकरणसम्बन्धी कार्यक्रमलाई यथाशक्य समावेशी र प्रतिनिधिमूलक बनाइनेछ।

### २.५.८. **विविधताको सम्मान**

थारू समुदाय भित्र र समुदाय बाहिरको विविधतालाई अवसरका रुपमा लिई तिनको यथोचित सम्मान गरिनेछ। यस्तो विविधताको व्यवस्थापन गर्दै थारू समुदायको हक हित र अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने नीति लिइनेछ।

परिच्छेद -तीन

# आयोगको काम, कर्तव्य र अधिकार :

थारू आयोग ऐन, २०७४ को परिच्छेद -३ को दफा ७ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

(क) थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानून, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) थारू समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) थारू समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) थारू समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) थारू समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारू समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) थारू समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,

(ठ) थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको ध्लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,

(ड) थारू समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) थारू समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ण) थारू समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि जीवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(त) थारू समुदायको उदगम् स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(थ) थारू समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(द) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(ध) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

परिच्छेद- चार

# आ.व. ०७८/७९ मा आयोगबाट तर्जुमा गरिएको कानुनी व्यवस्था

१. **थारु आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७८**

२. **थारु आयोगका पदाधिकारीहरूको कार्यविभाजन, २०७८**

३. **थारु आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८**

४. **थारु आयोग बैठक संचालन सम्बन्धी कार्यविधी, २०७८**

५. **थारु आयोग नियमावली, २०७८**

६. **सम्मान तथा पुरस्कार सम्बन्धि मापदण्ड, २०७८**

परिच्छेद- पाँच

# आयोगको वित्तिय तथा भौतिक विवरण

**५.१ आ.व. २०७८/०७९को वार्षिक वित्तिय विवरण :**

| बजेट उपशिर्षक नं | बजेट उपशिर्षकको नाम | कुल बजेट रु. | खर्च रु. | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २३२०००११३ (चालु) | थारू आयोग | ३४०००००० | ३०९५८१७४ | ९१.०५ | |
| २३२००००१३ (चालु) | थारू आयोग (पदाधिकारी) | ७५००५६३ | ६९४२२९७ | ९२.५६ | |
| २३२०००११४ (पूँजिगत) | थारू आयोग | १७३२५००० | १६०९७१०८ | ९२.९१ | |
| **जम्मा** | | **५८८२५५६३** | **५३९९७५७९** | | |

**५.२भौतिक सम्पत्ति विवरण :**

| सि.नं. | विवरण | थान | प्राप्त श्रोत |
|---|---|---|---|
| १. | Tata Nexon कार | ३ | खरिद |

परिच्छेद- ६

# सम्पादित बैठकहरू

**६.१. आयोगको बैठक :**

आ.व. २०७८/०७९ मा विभिन्न मितिमा गरी जम्मा २४वटा बैठक बसी देहाय बमोजिम निणर्यहरू भएका छन् ।

**आयोगबाट भएका निर्णय**

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | ३२ | २०७८/०४/०७ | थारु आयोगको आन्तरिक ब्यवस्थापन निर्देशिका, कार्यविधि, आचारसंहिता, र कार्यविभाजन स्वीकृत गर्ने । | |
| २. | ३३ | २०७८/०४/१७ | आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम संचालन कार्ययोजना स्वीकृत गर्ने । | |
| ३. | ३४ | २०७८/४/२७ | थारु समुदायको मानक भाषा सम्वन्धमा छलफल गर्ने । | |
| ४. | ३६ | २०७८/०५/२२ | १.थारु समुदायको समग्र स्थितिको अध्ययन अनुसन्धान कार्य G to G पद्धतिबाट त्रि.वि.वि. मानवशास्त्र विभागमार्फत गराउने ।<br>२. गण्डकी प्रदेश, बाग्मती प्रदेश र प्रदेश नं १ को थारु समुदायको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको सुचिकरण गर्ने ।<br>३. लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र बाग्मती प्रदेशमा थारु चित्रकला सम्वन्धी अध्ययन गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| ५ | ३७ | २०७८/०५/२५ | भाषा आयोगले प्रदेशका स्थानीय तहको सरकारी कामकाजको भाषाको सिफारिश गर्दा लिइएका कानुनी तथ्य र प्रमाणका आधारहरूमा लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशहरूमा थारु भाषालाई सिफारिश नहुनुका विश्लेषणात्मक प्रस्तुती गरिदिन र आगामी जनगणनामा थारु भाषा वक्ता संख्याको यकिन तथ्याङ्क कायम गर्न सरोकारवाला समूहहरूको जिम्मेवारी के कस्तो र कुन रुपमा हुन सक्छन् भन्ने विषयमा सुझाव दिन भाषा आयोगको प्रतिनिधिलाई छलफल कार्यक्रममा कार्यपत्र प्रस्तुतिकरणका लागि अनुरोध गर्ने । | |
| ६ | ३९ | २०७८/०६/१४ | १.बाँके जिल्लाको कोहलपुरमा मिति २०७८ असोज २३ गते र बर्दिया जिल्लाको गुलरीयामा मिति २०७८ असोज २४ गते राष्ट्रिय जनगणना, भाषा तथा समावेशिता विषयमा स्थानीय सरोकारवालहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।<br>२. नवलपरासी जिल्लाको परासीमा मिति २०७८ असोज २२ गते र रुपन्देही जिल्लाको भैरहवामा मिति २०७८ असोज २४ गते राष्ट्रिय जनगणना, भाषा तथा समावेशिता विषयमा स्थानीय सरोकारवालहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । | |
| ७. | ४०. | २०७८/०७/०८ | १. २०७८ साल असोज महिनाको अन्तिम र कार्तिक महिनाको पहिलो हप्ताआएको वेमौसमी वर्षाका कारण देशका विभिन्न स्थानमा भएका थारु समुदायका वालीमा भएको क्षतिको उचित क्षतिपुर्तिका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।<br>२. थारु साहित्य अध्ययन तथा संकलन मापदण्ड २०७८ र लागत अनुमान स्वीकृत गर्ने ।<br>३. वार्षिक स्मारिका प्रकाशन मापदण्ड, २०७८ र लागत अनुमान स्वीकृत गर्ने<br>४. थारु महिलाहरूलाई हस्तकलाका सामाग्री बनाउने तालिम दिने सम्वन्धमा तयार भएको कार्य क्षेत्रगतशर्त र लागत अुनमान स्वीकृत गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| ८. | ४१ | २०७८/०७/१४ | १. २०७५/०७/२५ गते थारु आयोगको स्थापना दिवस तोक्ने ।<br>२. थारु आयेगको लोगो निर्माण गर्ने । | |
| ९. | ४२ | २०७८/०८/०३ | १.सिकलसेल एनेमिया सम्वन्धी कार्यविधि निर्माण गर्नको लागि नेपालगञ्जमा छलफल क्रार्यक्रमको आयोजना गर्ने ।<br>२. थारु आयोगमा उत्कृष्ट काम गरेबापत शा.अ. जागुराम चौधरीलाई प्रशंसा पत्र एवं नगद पुरस्कार प्रदान गर्ने।<br>३. रौतहट जिल्लाको गुजरा न.पा. भवानीपुरमा मिति २०७८ मंसिर ५ गते र सर्लाही जिल्लाको ईश्वरपुर न.पा. बयलबास रामनगरमा मिति २०७८ मंसिर ६ गते राष्ट्रिय जनगणना, भाषा तथा समावेशिता विषयमा स्थानीय सरोकारवालाहरू सँग छलफल क्रार्यक्रमको आयोजना गर्ने । | |
| १०. | ४३ | २०७८/०८/१५ | महिला अधिकार/कानुनी शिक्षा /विद्यमान कुरीति र अन्धविश्वास न्यूनिकरण सम्वन्धी थारु महिला लक्षित जनचेतना कार्यक्रम प्रदेश नं १ को सुनसरी जिल्लाको दुहवीमा मिति २०७८ मंसिर २३ र २४ गते सञ्चालन गर्ने । | |
| ११. | ४४ | २०७८/०८/१९ | सरकारका विभिन्न निकायहरूले मिति २०७८/७/१४, ८/०३ र ८/१० को सुचना अनुसार विभिन्न पदहरूमा विज्ञापन गरेकोमा सो विज्ञापन नेपालको संविधानको मर्म, सम्मानित सर्वोच्च अदालतको आदेश र थारु आयोगले समय समयमा नेपाल सरकारलाई गरेको सिफारिश विपरित भएको, समानुपातिक समावेशी सिद्धान्तका आधारमा नभएको विज्ञापनहरूका सम्वन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयन नहुनका मनासिव कारण समेत खुलाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १२. | ४५ | २०७८/८/२८ | १. सुर्खेत जिल्लाको बीरेन्द्रनगर न.पा. पातलगंगा सामुदायिक होमस्टेमा थारु महिला लक्षित चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>२. नवलपरासी पश्चिम जिल्लाको परासीमा मिति २०७८ पौष १४ र १५ गते थारु महिला लक्षित चेतनामूलका कार्यक्रम संचालन गर्ने । | |
| १३. | ४६ | २०७८/९/१९ | १. पर्सा जिल्लाको पर्सागढी न.पा.बागवानामा थारु महिला लक्षित चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>२.सरकारका विभिन्न निकायहरूले मिति २०७८/८/२९,९/२,९/१८,९/७,९/१४, को सूचना अनुसार विभिन्न पदहरूमा विज्ञापन गरेकोमा सो विज्ञापन नेपालको संविधानको मर्म, सम्मानित सर्वोच्च अदालतको आदेश र थारु आयोगले समय समयमा नेपाल सरकारलाई गरेको सिफारिस विपरित भएको, समानुपातिक समावेशी सिद्धान्तका आधारमा नभएको विज्ञापनहरूका सम्बन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयन नहुनको मनासिव कारण समेत खुलाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने । | |
| १४. | ४७ | २०७८/९/२३ | १. उदयपुर जिल्लाको त्रियुगा न.पा. बगाहामा थारु मातृभाषाको जगेर्नामा स्थानीय तहको भूमिका विषयमा स्थानीय सरोकारवालाहरू सँग छलफल कार्यक्रम संचालन गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १५. | ४८ | २०७८/१०/१८ | १. सरकारका विभिन्न निकायहरूले मिति २०७८/१०/४,१०/१०,९/२७,९/२८ को सूचना अनुसार विभिन्न पदहरूमा विज्ञापन गरेकोमा सो विज्ञापन नेपालको संविधानको मर्म, सम्मानित सर्वोच्च अदालतको आदेश र थारु आयोगले समय समयमा नेपाल सरकारलाई गरेको सिफारिस विपरित भएको, समानुपातिक समावेशी सिद्धान्तका आधारमा नभएको विज्ञापनहरूका सम्बन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयन नहुनाको मनासिव कारण समेत खुलाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने ।<br>२. सिकलसेल एनेमिया र विटा थालासेमिया रोगको औषधि सुचिकृत गर्न राष्ट्रिय स्वास्थ्य विमा वोर्डलाई सिफारिस गर्ने । | |
| १६. | ४९ | २०७८/१०/२५ | १. लोक सेवा आयोग केन्द्रिय कार्यालयको सूचना अनुसार विभिन्न पदहरूमा विज्ञापन गरेकोमा सो विज्ञापन नेपालको संविधानको मर्म, सम्मानित सर्वोच्च अदालतको आदेश र थारु आयोगले समय समयमा नेपाल सरकारलाई गरेको सिफारिस विपरित भएको, समानुपातिक समावेशी सिद्धान्तका आधारमा नभएको विज्ञापनहरूका सम्बन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयन नहुनाको मनासिव कारण समेत खुलाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने । | |
| १७. | ५० | २०७८/११/८ | १.नवलपरासी जिल्लाको (बर्दघाट सूस्ता पूर्व) देवचुली न.पा. पिप्रहरमा थारु महिला लक्षित चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>२. कैलाली जिल्लाको जोशीपुर गा.पा.को झवहीमा मिति २०७८ फागुन १३ र १४ गते थारु महिला लक्षित चेतनामूलक कार्यक्रम संचालन गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १८ | ५१ | २०७८/११/९ | १. हालै सरकारका विभिन्न निकायहरूबाट मिति २०७८/८/२९, ११/९ सूचना अनुसार विभिन्न पदहरूमा विज्ञापन गरेकोमा सो विज्ञापन नेपालको संविधानको मर्म, सम्मानित सर्वोच्च अदालतको आदेश र थारु आयोगले समय समयमा नेपाल सरकारलाई गरेको सिफारिश विपरित भएको, समानुपातिक समावेशी सिद्धान्तका आधारमा नभएको विज्ञापनहरूका सम्बन्धमा संवैधानिक व्यवस्थाको कार्यान्वयन नहुनाको मनासिव कारण समेत खुलाई पठाउन सम्बन्धित निकायमा लेखी पठाउने । | |
| १९ | ५२ | २०७८/११/२० | १.चितवन जिल्लाको भरतपुर महानगरपालिकाको भरतपुरमा थारु महिला लक्षित चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>२. मोरङ जिल्लाको ग्रामथान गा.पा. को नेताचोकमा थारु मातृभाषाको जगेर्नामा स्थानीय तहको भूमिका विषयमा स्थानीय सरोकारवालाहरू सँग छलफल कार्यक्रम संचालन गर्ने । | |
| २० | ५३ | २०७८/१२/२० | १. नवलपरासी (ब.सु.पर्वू) जिल्लाको कावासोती न.पा. १५ को अमलटारीमा थारु भाषा सम्बन्धी स्थानीय सरोकारवालाहरू सँग छलफल कार्यक्रम आयोजना गर्ने ।<br>२. आ.ब. २०७९/०८०को वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने । | |
| २१ | ५४ | २०७९/२/११ | १. थारु आयोगको सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| २२ | ५५ | २०७९/२/२४ | १.थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको सशक्तिकरण गर्ने कार्यमा थारु आयोग क्रियाशील रहेको सन्दर्भमा प्रदेश सरकार तथा स्थानीय तहलाई थारु समुदायको बसोबास रहेको क्षेत्रमा उनिहरूको इतिहास कला र संस्कृतिको खोज तथा संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको हकहितको संरक्षण एवं सशक्तिकरण गर्न नीति तथा कार्यक्रमका लागि आवश्यक बजेट छुट्टाउन प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने तथा सो कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गरीदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत लेखि पठाउने ।<br>२. बर्दीया जिल्लाको मधुवन न.पा. वडा २ ओराली बजारमा बाघको आक्रमणको समस्याबाट बचाउन माग गर्दै स्थानीयले गरेको प्रदर्शनको क्रममा प्रहरीको गोली लागि स्थानीय नविना चौधरीको दुखद् निधन हुन गएको र अन्य दुईजना घाइते भएको घटनामा प्रदर्शनकारीको निधनप्रति दुख व्यक्त गर्दै मृतक परिवारलाई क्षतिपूर्ति तथा घाइतेको शिघ्र उपचारको व्यवस्था गर्न माग गर्दै विज्ञप्ती जारी गर्ने । उक्त घटनाको यथाशिघ्र छानविन गरी दोषीलाई कारवाही गर्न र आगामी दिनमा वन्यजन्तुको आक्रमणबाट स्थानीय बासीलाई सुरक्षित राख्न आवश्यक उपाय अवलम्वन गरी यस्ता घटना दोहोरिन नदिन आवश्यक व्यवस्था गर्न समेत नेपाल सरकारलाई अनुरोध गर्ने । | |

| सि.नं. | बैठक नं. | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|---|
| २३ | ५६ | २०७९/३/१४ | १. दिगो विकासका लक्ष्यका सूचकहरूका आधारमा थारु समूदायको समग्र स्थितिको अध्ययन कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन त्रि.वि.वि. मानवशास्त्र विभागबाट आयोगमा पेश हुन आएकोले प्रतिवेदन ग्रहण गरी बाँकी प्रक्रिया नियमानुसार अगाडि बढाउने।<br>२. लुम्विनी प्रदेश, गण्डकी प्रदेश र बाग्मती प्रदेशमा भएको थारु चित्रकलाको अध्ययनको अन्तिम प्रतिवेदन आयोगमा पेश हुन आएकोले उक्त प्रतिवेदन ग्रहण गरी बाँकी प्रक्रिया नियमानुसार अगाडि बढाउने।<br>३. आयोगमा पेश हुन आएको थारु आयोगको लोगोको नमूनालाई स्वीकृत गर्ने। | |
| २४. | ५७ | २०७९/३/१६ | १. प्रदेश न. १ को थारु समुदायको ऐतिहासिक तथा सास्कृतिक सम्पदाहरूको सूचिकरणका लागि अध्ययन कार्यक्रम सम्पन्न गरी अन्तिम प्रतिवेदन पेश हुन आएकोले उक्त प्रतिवेदन ग्रहण गरी नियमानुसार प्रक्रिया अगाडि बढाउने।<br>२. रौतहट जिल्लामा संचालित ढकिया जस्तै हस्तकलाका सामाग्री बनाउने थारु महिला लक्षित ३० दिने सीपमुलक तालिम कार्यक्रम समापन भई पेश भएको फाइल ग्रहण गरी नियमानुसार प्रक्रिया अगाडि बढाउने।<br>३. सिकलसेल एनेमिया सम्बन्धी चेतनामूलक सामग्री समेटिएको पुस्तिका प्रकाशन गर्ने। | |

### ६.२.समन्वयात्मक बैठक :

आयोगमा आ.व.०७८/०७९ मा भएका कामकारवाहीलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउनका लागि अन्य निकायहरूसँग समन्वय गरी कार्य गर्न निम्नानुसारका थप बैठकहरू भएका छन् ।

| क्र.सं | मिति | आयोजक | निर्णयहरू | कैफियत |
|---|---|---|---|---|
| १. | २०७८/०४/२१ | थारु आयोग | संविधान बमोजिम सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति कार्यान्वयन गरी कम्लहरीको ब्यवस्थापन सम्बन्धमा | उर्मिला चौधरी, अध्यक्ष, मुक्त कम्लहरी विकास मञ्च |
| २. | २०७८/०५/१३ | थारु आयोग | थारु भाषा सम्बन्धी विषयमा छलफल | थारु कल्याणकारीणि सभो लगायत विभिन्न संघ संस्थाहरू |
| ३. | २०७८/०५/१६ | थारु आयोग | थारु समुदायको समग्र स्थीतिको अध्ययन गर्ने सम्वन्धमा छलफल | त्रि.वि.वि मानवशास्त्र विभाग |
| ४ | २०७८/०८/३ | थारु आयोग | संघीय निजामती सेवा विधेयकमा थारु समुदायको लागी छुट्याइएको आरक्षण प्रतिशतको सम्बन्धमा छलफल | थारु कल्याणकारीणि सभा लगायत विभिन्न संघ संस्थाहरू |
| ५ | २०७८/११/१६ | थारु आयोग | समानुपातिक समावेशिता र प्रथाजनित कानुनका सम्बन्धमा छलफल | थारु समुदायका कानुन व्यवसायीहरू |
| ६ | २०७९/०१/१६ | थारु आयोग | लैगिक समानता तथा सामाजिक समावेशीकरण र थारु समुदायको समावेशीकरण सम्बन्धमा छलफल | थारु कल्याणकारीणी सभा र युएनडिपी का प्रतिनिधि |
| ७ | २०७९/०२/१७ | थारु आयोग | थारु आयोगको अनुगमन तथा मुल्यांकन निर्देशिका सम्बन्धमा | जुरी नेपालका प्रतिनिधि |
| ८ | २०७९/०२/२५ | थारु अयोग | संघीय निजामती सेवा विधेयकमा थारु समुदायको लागी छुट्याइएको आरक्षण प्रतिशत र थारु समुदायका सम्बन्धमा नेपाल सरकारसँग भएका सम्झौताको कार्यान्वयन सम्बन्धमा | प्रतिनिधि सभाका सदस्य र थारु कल्याणकारीणी सभा प्रतिनिधि |

### ६.३. कर्मचारी बैठक :

आयोगमा प्रत्येक महिनाको १ गते नियमित रुपमा कर्मचारी बैठक बसी आयोगका कर्मचारीहरूको गुनासो, राय, प्रतिक्रिया लिने र आयोगका कार्यक्रमहरूका विषयमा छलफल समेत गर्ने गरिएको छ

## परिच्छेद- सात

# आ.व. २०७८/०७९ मा सम्पादित कार्यक्रम र प्राप्त उपलब्धिहरू

**७.१. छलफल तथा अन्तर्क्रिया कार्यक्रम**

| सिनं. | कार्यक्रम | मिति | स्थान | सहभागी | सुझावहरू |
|---|---|---|---|---|---|
| १ | थारु भाषा मानिकीकरण सम्वन्धमा | २०७८।४।३१ देखि २०७८।५।२ सम्म | कृषि विकास बैंक,तालिम केन्द्र, वोडे, भक्तपुर | पूर्व मन्त्री,थारु आयोगका माननीय अध्यक्ष तथा सदस्यहरू ,भाषा विशेषज्ञ,थारु कल्याणकारीणी सभा अन्तर्गतका मानक भाषा मस्यौदा समितिका सदस्यहरू, लगायत थारु वाहुल्यता जिल्लाका थारु प्रतिनिधिहरू | अनुसुचि- २ |
| २ | थारु भाषालाई सरकारी कामकाजको भाषा सिफारिश, जनगणनामा थारु समूदायको गणना र बक्ताको संख्याको एकिन तथ्याङ्क र समावेशिता सम्बन्धमा | २०७८।६।४ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकु । | थारु जनप्रतिनिधि, विभिन्न संध संस्थामा आवद्ध व्यक्तित्वहरू | |
| ३ | राष्ट्रिय जनगणना, सरकारी कामकाजको भाषा र समावेशिता | २०७८।६।२३ | बाँके | थारु बुद्दिजिवी,समाजसेवी,स्थानीय जनप्रतिनिधि,था.क.स.का जिल्ला सदस्यहरू,पत्रकारलगायत | |

| सिनं. | कार्यक्रम | मिति | स्थान | सहभागी | सुझावहरू |
|---|---|---|---|---|---|
| ४ | राष्ट्रिय जनगणना, सरकारी कामकाजको भाषा, समावेशिता | २०७८।०६।२४ | बर्दिया | थारु बुद्दिजिवी,समाजसेवी,स्थानीय जन प्रतिनिधि, था.क.स.का जिल्ला सदस्य, पत्रकार,वकील, कर्मचारी र स्थानयि सरोकारवाला समेत | |
| ५ | राष्ट्रिय जनगणना, सरकारी कामकाजको भाषा, समावेशिता | २०७८।०७।२२ र २०७८।०७।२४ | नवलपरासी पश्चिम र रुपन्देही | थारु समूदाय सँग सम्बन्धी संघ सस्था, बुद्दिजिवी,समाजसेवी, शिक्षक आदि । | |
| ६ | थारु महिला अधिकार, कानूनी शिक्षा, विद्यमान कुरीति र अन्धविश्वास न्यूनिकरण सम्बन्धि कार्यक्रम | २०७८।०८।२३ र २४ | मोरड. र सुनसरी | विभिन्न ६ वटा पालिकाका थारु महिला प्रतिनिधिहरू | |
| ७ | समावेशिता, थारु मातृ भाषा र जनगणना २०७८ सम्वन्धि छलफल कायृक्रम | २०७८।८।०६ | सर्लाही | था.क.स काप्रतिनिधिहरू, सहायक जिल्ला जनगणना अधिकारी, भाषाविद् तथा स्थानीय तहका सरोकारवाला व्यक्तिहरू । | |
| ८ | सिकलसेल एनिमिया रोगको उपचार तथा रोकथाम सम्बन्धी एकिकृत कार्यविधि निर्माण सम्बन्धी छलफल कार्यक्रम | २०७८।८।१५ | बाँके, नेपालगञ्ज | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विज्ञ, भेरी अञ्चल अस्पतालका फिजिसियन डाक्टर, लुम्बिनी, सुदुरपश्चिम र कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका विज्ञ, स्थानीय जनप्रतिनिधि र सरोकारवाला लगायत | |

| सिनं. | कार्यक्रम | मिति | स्थान | सहभागी | सुझावहरू |
|---|---|---|---|---|---|
| ९ | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरणसम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २०७८।९।८ र ९ गते | सुर्खेत | थारु महिलाहरू | |
| १० | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरण सम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २०७८।०९।१४र १५ गते | नवलपरासी पश्चिम | ६ वटा पालिकाका थारु महिला प्रतिनिधि, | |
| ११ | थारु मातृ भाषाको जर्गेनामा स्थानीय तहको भूमिका | २०७८।०९।२५ | उदयपुर | था.क.स.का सभापति, उपसभापति,सदस्य, थारु बुद्दिजिवी, थारु पत्राकार, थारु भाषा विज्ञहरू र स्थानीय तहका सरोकारवाला व्यक्तिहरू। | |
| १२ | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरण सम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २०७८।०९।२४र २५ | पर्सा जिल्लाको पर्सागढी | विभिन्न पालिकाका थारु महिला प्रतिनिधि,पर्सा जिल्लाका था.क.स. प्रतिनिधि, स्थानीय जनप्रतिनिधि समेत | |
| १३ | थारु समुदायमा परम्परागत ढक्या तथा आधुनिक हस्तकला तालिम | २०७८।११।०१ देखि ३० गते सम्म | दाङ | मुक्त कम्लहरीहरू समेत २० जना सहभागि। | |

| सिनं. | कार्यक्रम | मिति | स्थान | सहभागी | सुझावहरू |
| --- | --- | --- | --- | --- | --- |
| १४ | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरणसम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २७८।११।१२ र १३ गते | नवलपरासी पिप्रहर | थारु महिलाहरू | |
| १५ | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरणसम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २०७८।११।१३ र १४ | कैलाली, जोशिपुर | थारु महिला, जनप्रतिनिधि, एकल महिला, थारु महिला विद्यार्थी | |
| १६ | थारु महिला लक्षित सीपविकास तथा क्षमता विकास सम्वन्धी तालीम कार्यक्रम | २०७८।११।२३ देखि ३० कार्य दिन | रौतहट,चन्द्रपुर | २० जना थारु महिलाहरू सहभागी | |
| १७ | महिला अधिकार, कानूनी शिक्षा, बिद्यमान कुरिती र अन्धविश्वास न्यूनिकरणसम्वन्धी थारु महिला लक्षित चेतनामूलक कार्यक्रम | २०७८।११।२५ र २६ गते | चितवन, भरतपुर | थारु महिलाहरू | |
| १८ | थारु मातृ भाषा जगेर्नामा स्थानीय तहको भूमिका | २०७८।१२।२५ | मोरङ, ग्रामथान | मोरङ जिल्लाका था.क.स,थारु बुद्धिजिवि,थारु भाषा विज्ञ,पत्रकार,स्थानीय सरोकार समेत | |
| १९ | थारु मातृभाषा सम्बन्धी छलफल तथा अन्तरक्रिया | २०७८।१२।२५ | नवलपरासी पुर्व अमलटारी | देश भरीका थारु पत्रकारहरू | |

**७.२. अनुगमन सम्बन्धी कार्य :**

| क्र.सं | अनुगमन मिति | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको विषय | सुझावहरू |
|---|---|---|---|---|
| १ | २०७८।०७।०१ देखि ०२ | कैलाली | प्रदेश लोकसेवा ऐन र थारु समूदायको समावेशिता सम्बन्धी | |
| २ | २०७८/०७/१६ | बर्दिया | बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालीका बडा नं. ३ गोदानामा धान खेतमा लगाइएको करेन्ट लागेर तीन जनाको मृत्यु भएको घटनाको अनुगमन | अनुसूचि २ मा राखिएको |
| ३ | २०७८।०७।२५ | झापा, मोरङ, सुनसरी | राष्ट्रिय जनगणना तथा समावेशिता | |
| ४ | २०७८।०७।२५ र २६ | बारा, पर्सा | राष्ट्रिय जनगणना तथा समावेशिता | |
| ५ | २०७८।०९।२ | बाँके | थारु समुदायको संस्कृति, परम्परा, भेषभुषा | |
| ६. | २०७८/११/१२-१४ | दाङ | थारु महिलाका लागि ढक्या जस्तै हस्तकलाका सामग्री बनाउने तालिम कार्यक्रमको अनुगमन | |
| ७ | .२०७८।११।२९ देखि २०७८।१२।०५ | बर्दिया जिल्लाको वांसगढि, कैलाली जिल्लाको टिकापुर,कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका | थारु समुदायको समग्र स्थिति अध्ययन तथा बरघर भलमन्सा प्रथाको अनुगमन | |
| ८ | २०७८।१२।८ | चितवन | थारु समुदायको समग्र स्थितिको अध्ययन | |
| ९ | २०७८।१२।२० | रौतहट | थारु महिलाका लागि ढक्या जस्तै हस्तकलाका सामग्री बनाउने तालिम अनुगमन | |
| १० | २०७९।१।२१ देखि २७ सम्म | नवलपरासी पश्चिम | निर्वाचन अनुगमन | |

| क्र.सं | अनुगमन मिति | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको विषय | सुझावहरू |
|---|---|---|---|---|
| ११ | २०७९।१।२१ देखि २७ सम्म | बाँके | निर्वाचन अनुगमन | |
| १२ | २०७९।१।२१ देखि २७ सम्म | मोरङ | निर्वाचन अनुगमन | |
| १३ | २०७९।१।२५ देखि १।३१ सम्म | बर्दिया | निर्वाचन अनुगमन | |
| १४ | २०७९/२/२६ देखि ३/१ गते | बर्दिया | मधुवन नगरपालिका वडा नं २ ओराली बजारमा आन्दोलनको क्रममा नविना थारुको मृत्यु भएको सम्बन्धमा | |

### ७.३. सिफारिश तथा कार्यान्वयन सम्बन्धी :

| क्र.सं | सिफारिश मिति | व्यहोरा | सिफारिश गरिएको निकाय | सिफारिश कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २०७८।०७।०८ | मिति २०७८ असोज महिनाको अन्तिम र कार्तिक महिनाको पहिलो हप्तामा आएको बेमौसमी वर्षाको कारण देशका विभिन्न भागहरूमा ठूलो धनजनको क्षति भएको छ। कृषि पेशामा आवद्ध थारु समुदायका मुख्य बाली धानमा ठूलो क्षति भएकोले खाद्य संकट उत्पन्न हुने जोखिम रहेको छ। बाढी पहिरोमा परी ज्यान गुमाउने प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूको परिवारलाई राहत र धान बालीमा पुगेको क्षतिको उचित क्षतिपूर्ति तथा समयमै हिउदेवालीका लागि विउविजन, मल उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने। साथै मौसम सम्वन्धी पूर्व सूचना सम्प्रेषण प्रणाली प्रभावकारी बनाउन नेपाल सरकारलाई अनुरोध गर्ने। | नेपाल सरकार | कार्यान्वयन प्रक्रियामा रहेको। |
| २. | २०७८/११/०४ | थारु समुदायमा लाग्ने सिकलसेल एनिमिया र विटा थालेसेमिया रोगको उपचारका लागि आवश्यक पर्ने Hydroxyurea, folic acidलगायतका औषधिहरू राष्ट्रिय स्वास्थ्य वीमा बोर्डको सुचिमा सुचिकृत गर्न सिफारिस गर्ने। | राष्ट्रिय स्वास्थ्य बीमा बोर्ड | कार्यान्वयन हुँन बाँकी। |

| क्र.सं | सिफारिश मिति | व्यहोरा | सिफारिश गरिएको निकाय | सिफारिश कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३. | २०७९/०२/१४ | १.थारु समुदायको इतिहास र संस्कृतिको पहिचान हकहितको संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको सशक्तिकरण गर्ने कार्यमा थारु आयोग क्रियाशिल रहेको सन्दर्भमा प्रदेश सरकार तथा स्थानीय तहलाई थारु समुदायको बसोबास रहेको क्षेत्रमा उनिहरूको इतिहास कला र संस्कृतिको खोज तथा संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको हकहितको संरक्षण एवं सशक्तिकरण गर्न नीति तथा कार्यक्रमका लागि आवश्यक बजेट छुट्याउन प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने तथा सो कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गरीदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत लेखि पठाउने । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आंशिक कार्यान्वयन भएको । |
| | | २. बर्दीया जिल्लाको मधुवन न.पा. वडा २ ओराली बजारमा बाघको आक्रमणको समस्याबाट बचाउन माग गर्दै स्थानीयले गरेको प्रदर्शनको क्रममा प्रहरीको गोली लागी स्थानीय नविना चौधरीको दुखद् निधन हुनगएको र अन्य दुईजना घाइते भएको घटनामा प्रदर्शनकारीको निधनप्रति दुःख व्यक्त गर्दै मृतक परिवारलाई क्षतिपूर्ति तथा घाइतेको शिघ्र उपचारको व्यवस्था गर्न माग गर्दै विज्ञप्ती जारी गर्ने । उक्त घटनाको यथाशिघ्र छानविन गरी दोषीलाई कारवाही गर्न र आगामी दिनमा वन्यजन्तुको आक्रमणबाट स्थानीयबासीलाई सुरक्षित राख्न आवश्यक उपाय अवलम्वन गरी यस्ता घटना दोहोरिन नदिन आवश्यक व्यवस्था गर्न समेत नेपाल सरकारलाई अनुरोध गर्ने । | नेपाल सरकार | आंशिक कार्यान्वयन भएको । |

**७.४.अन्य कार्यहरू :**

| सि.नं | कार्यहरू | उद्धेश्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| १. | सिकलसेल एनिमिया र थालेसेमिया रोग सम्बन्धी जानकारी पुस्तिका प्रकाशन | सिकलसेल एनिमिया तथा बिटा थालेसेमिया सम्बन्धी विस्तृत जानकारी पुस्तिका तयार गरी प्रकाशन गर्नु । | सिकलसेल एनिमिया र थालेसेमिया रोग सम्बन्धी जानकारी पुस्तिका २०७९ तयार भई प्रकाशित भएको । | अनुसुचि-४ |
| २. | थारूसमुदायको लोककथा संकलन | थारु समुदायको लोककथा संकलन गरि एकिकृत गर्नु । | थारु समुदायको लोककथा संकलन भई प्रतिवेदन तयार भएको छ । | अनुसुचि - ५ कथाको विवरण |
| ३. | थारु समुदायको समग्र स्थितिको अध्ययन | थारु समुदायको समग्र स्थितिको अध्ययन गरी प्रतिवेदन तयार गर्नु । | त्रिभुवन विश्वविद्यालय मानवशास्त्र विभागसँग सम्झौता भई थारु समुदायको समग्रस्थितिको अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ । | |
| ४. | थारु चित्रकला सम्बन्धमा अध्ययन अनुसन्धान कार्य | लुम्वीनी गण्डकी र बागमती प्रदेशका जिल्ला तथा क्षेत्रमा रहेका थारू समुदायका चित्रकलाको अध्ययन गरी प्रतिवेदन तयार गर्नु । | लुम्बिनी गण्डकी र बागमती प्रदेशका जिल्ला तथा क्षेत्रमा रहेका थारू समुदायका चित्रकलाको अध्ययन गरी प्रतिवेदन तयार भएको छ । | अनुसुची - ९ चित्रकला राखिएको । |
| ५. | थारु समुदायको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको अध्ययन | थारु समुदायको ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको सुचीकरण सम्बन्धी कार्य गर्नु । | गण्डकी प्रदेश र बागमती प्रदेश दुई लाई एक एकाई र प्रदेश नं १ लाई एक एकाई मानिएकोमा गण्डकी प्रदेशको नवलपरासी पुर्व बागमती प्रदेशको मकवानपुर र चितवन जिल्लामा भएका थारु सम्पदाहरूको सुचिकरण अध्यन र प्रदेश नं १ को थारु सम्पदा सूचिकरण सम्बन्धी कार्य सम्पन्न भएको । | अनुसुचि-७सुचिकरण गरिएका सम्पदाको विवरण राखिएको |
| ६. | थारु सम्बद्ध अध्ययनमुलक लेख रचना सम्बन्धी स्मारिका प्रकाशन | थारु सम्बद्ध अध्ययनमुलक लेख रचना संकलन गरी स्मारीका प्रकाशन गर्नु । | थारु सम्बद्ध अध्ययनमुलक लेख रचना संकलन गरी स्मारीका प्रकाशन गरीएको | अनुसुचि-३ लेख रचना विवरण |

## परिच्छेद- आठ

# आयोगको वार्षिक प्रगति विवरण :

**८.१. आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वित्तीय प्रगति विवरण :**

| बजेट उपशिर्षक नं | बजेट उपशिर्षकको नाम | कुल बजेट रु | आषाढ महिना सम्मको खर्च रु | प्रगति (%) | गत आ.व.सँग तुलनात्मक वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| २३२०००११३ (चालु) | थारू आयोग | ३,४०,००००० | ३०९५८१७४ | ९१.०५% | **२७.९८%ले बढी** |
| २३२००००१३ (चालु) | थारू आयोग (पदाधिकारी) | ७५,००,५६३ | ६९४२२९७ | ९२.५६% | |
| २३२०००११४ (पूँजिगत) | थारू आयोग | १,७३,२५००० | १६०९७१०८ | ९२.९१ % | |
| **जम्मा** | | **५,८८,२५५६३** | **५३९९७५७९** | | |

आ.व. ०७८/०७९ मा आयोगमा कुल बजेट रु **५,८८,२५,५६३** ।-(अक्षेरेपी पाँच करोड अठासी लाख पच्चिस हजार पाँच सय त्रिसठ्ठी मात्र ) विनियोजन भएकोमा चालुतर्फ रु ३,४०,००००० ।- (अक्षेरेपी तीन करोड चालिस लाख मात्र ) विनियोजनभएकोमा जसमध्ये ३,०९,५८१७४ ।-(अक्षेरेपी तिर्न करोड नौ लाख अन्ठाउन्न हजारएकसय चौरहत्तर ) खर्च भएको छ। चालू खर्चतर्फ कार्यालयको वित्तिय प्रगति ९१.०५ प्रतिशत छ। त्यसैगरीचालु (पदाधिकारी ) तर्फ रु ७५,००५६३।- (अक्षेरेपी पचहत्तर लाख पाँचसय त्रिसठ्ठि मात्र ) विनियोजनभएकोमा रु ६९,४२,२९७ ।-(अक्षेरेपी उनान्सत्तरी लाख बयालिस हजार दुई सय सन्तानब्बे मात्र ) खर्च भएको छ। चालू खर्च पदाधिकारी तर्फ वित्तिय प्रगति ९२.५६ प्रतिशत छ। पूँजीगत तर्फ रु १,७३,२५००० ।- (अक्षेरेपी एक करोड त्रिहत्तर लाख पच्चिस हजार मात्र )विनियोजनभएकोमा रु १,६०,९७,१०८।- (अक्षेरेपी एक करोड साठी लाख सन्तानब्बे हजार एक सय आठ मात्र ) खर्च भएको छ। पुँजीगत तर्फ वित्तिय प्रगति ९२.९१ प्रतिशत छ। कुल खर्च रु **५,३९,९७,५७९** ।- (अक्षेरेपी पाँच करोड उनान्चालिस लाख सन्तानर्ब्बे हजार पाँचसय उनान्असी मात्र ) भएको देखिन्छ। कुल बजेटमा खर्च **९१.८८** प्रतिशत छ। जुन आ.व. ०७७/०७८ को तुलनामा **२७.९८**प्रतिशतले बढी हो।

## ८.२. आर्थिक वर्ष २०७८/०७९ मा आयोगबाट स्विकृत कार्यक्रम र सोको प्रगति विवरण

| क्र.सं | कार्यक्रमको नाम | परिमाण | सम्पन्न कार्यक्रम संख्या | प्रति इकाई रकम रु (हजारमा) | जम्मा रकम रु (हजारमा) | आषाढ महिना सम्मको निकासा रु (हजारमा) | भौतिक प्रगति % | वित्तीय प्रगति % | गत आ.व.सँग तुलनात्मक वित्तिय प्रगति% |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | महिला अधिकार कानुनी शिक्षाविद्यमान कुरीति र अन्धविश्वास न्युनिकरण सम्बन्धी थारु महिला लक्षीत चेतनामुलक कार्यक्रम | ७ | ७ | २४३ | १७१७ | १६७१ | ९७.५% | ९१.८८% | ८.३१% ले बढी |
| २. | विभिन्न अध्ययन प्रतिवेदन प्रकाशन | २ | २ | ३७३ | ३७३ | १७७ | | | |
| ३. | सीप विकास तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम | ७ | २ | ४१५ | ८३० | ७३६ | | | |
| ४. | सिकलसेल एनेमीया रोगको उपचार तथा रोकथाम सम्बन्धी कार्यविधी निर्माण | १ | १ | २९० | २९० | २३० | | | |
| ५. | थारु चित्रकला सम्बन्धी अध्ययन अनुसन्धान | १ | १ | ४१५ | ४१५ | ४१४ | | | |
| ६ | थारु साहित्य अध्ययन तथा संकलन कुनै एक विधा | १ | १ | ४१५ | ४१५ | २३७ | | | |
| ७ | थारु समुदायको समग्र स्थीतिको अध्ययन | १ | १ | १२४५ | १२४५ | १२३७ | | | |
| ८ | मानक भाषा सम्बन्धी छलफल कार्यक्रम | १ | १ | ५८१ | ५८१ | ५८१ | | | |
| ९ | थारु सम्बद्ध अध्ययनमुलक लेख रचना सम्बन्धी स्मारीका प्रकाशन | १ | १ | २९० | २९० | २९० | | | |
| १० | स्थानिय सरोकारवालासँग छलफल कार्यक्रम | १० | १० | ४१.५ | ४१५ | ४१४ | | | |
| ११ | थारु समुदायको ऐतिहासिक सांस्कृतीक सम्पदाहरूको सुचीकरण | २ | २ | २६९.५ | ५३९ | ५३५ | | | |
| | | | | | ७१०० | ६५२४ | | | |

आ.व. ०७८/७९ मा आयोगबाट २८ वटा कार्यक्रम स्विकृत भएकोमा यस आर्थिक वर्षको अन्त सम्ममा सबै कार्यक्रम सम्पन्न भएको छ। सो बमोजिम सम्पन्न कार्यक्रमको भौतिक प्रगति **९७.५%** भएको छ। यसैगरी कुल बजेट रु.७१,००,००० ।- रु.६५,२४,०००।- ( पैसठ्ठी लाख चौविस हजार मात्र ) खर्च भएकोमा सो बमोजिम वित्तीय प्रगति **९१.८८%** भएको छ जुन आ.व.०७७/०७८ को भन्दा **८.३१%** ले बढी हो।

## परिच्छेद - नौ

# सुशासनप्रवर्द्धनसम्बन्धी व्यवस्था

९.१ **सुशासन प्रवर्द्धनका लागि भएका प्रयासहरू:**

- कार्यालयको वेबसाइटअद्यावधिक गरी महत्वपूर्ण सूचना तथा प्रकाशनहरू सार्वजनिक गर्ने गरिएको छ।
- कार्यालयको इमेल, फेसबुक तथा ट्वीटर सञ्चालन भएको छ। साथै टोल फ्री फोनको व्यवस्था भएको छ।
- प्रत्येक महिनाको १ गते नियमित रुपमा कर्मचारी बैठक बसी आयोगका कर्मचारीहरूको गुनासो, राय, प्रतिक्रिया लिने गरिएको छ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम प्रत्येक ३/३ महिनामा आयोगको गतिविधिसम्बन्धी सूचना प्रकाशन गर्ने र आयोगसँग माग भएका सूचना समयमै उपलब्ध गराईएको छ।
- सरोकारवालाका गुनासाहरू समयमै फछ्र्यौट गर्ने गरिएको छ।
- आयोगको चौमासिक बुलेटिन प्रकाशन गर्ने गरिएको छ।
- हेल्प डेस्कको व्यवस्था गरिएको छ।

९.२ **उजुरी,गुनासो र सोकोव्यवस्थापन** :

आयोगमा आ.व. ०७८/०७९ प्राप्त भएका उजुरी उपर आयोगको बैठक बसी सम्वन्धित निकायमा आवश्यक कारवाहीको लागी पठाइएको छ।

परिच्छेद- दश

# समस्या, चुनौती र आयोगका सुझावहरू

**१०.१ समस्या तथा चुनौतीः**

**१०.१.१ संबैधानिक कानुनी तथा रणनीतिक समस्या तथा चुनौतीः**

- नेपालको संबिधान जारी भएको सात वर्ष भएता पनि आदिबासी थारु समुदायका मौलिक हकतथा अधिकारहरू प्रभावकारी रुपमा कार्यान्वयन हुन बाँकी नै छ। संबिधानमा नै थारु समुदायलाई राज्यको मुलधारमा ल्याउन छुट्टै क्लस्टरको सुनिश्चतता गरिएको छ।थारु समुदायलाई राज्यको हरेक निकायमा समानुपातिक समाबेशी र सहभागितामुलक सिद्धान्त अनुसार आवश्यक पर्ने ऐन, कानुन, नियम बनाई सहभागीता गराउने सर्बोच्च अदालतले राज्यको नाममा जारी गरेको परमादेश कार्यान्वयन नभएको अवस्थामा संबिधानले परिकल्पना गरेको समतामुलक समाजको स्थापना चुनौतीपूर्ण बनेको छ।

- थारू समुदायको हकहितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरण गर्नका लागि प्रभावकारी रुपमा योजना कार्यक्रम तथा बजेट तर्जुमा हुन सकेको छैन। यसका लागि संघ, प्रदेश र स्थानीय तहले प्रभावकारी योजना,कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ।

- प्रत्यक्ष लाभ हुने गरी केन्द्रिय बजेटमा सिकल सेल एनेमिया रोग ब्यवस्थापनको लागी छुट्टै अस्पतालहरूको स्थापनाहुने भनिएकोमा सोकोलागी बजेट विनियोजन नहुँदा अस्पतालहरू स्थापनाहुने अवस्था देखिएको छैन। राज्यले स्पाइनल इन्जूयूरी, पक्षघात, क्यान्सर तथा मृगौलाका दीर्घ रोगीहलाई रु ५००० प्रति महिना निर्वाह खर्च दिने भनिएकोमा सिकल सेल एनिमिया रोग पनि अनुवांशिक दीर्घरोग हुँदा हुँदै पनि निर्वाह खर्च पाउनबाट बञ्चित भएका छन्। यसबाट थारु समुदायका बिरामीहरू उपचारका लागि आफ्नो घर खेत समेत बेच्न बाध्य भएका छन्। आर्थिक विपन्नताले गर्दा यस समुदायका अधिकांश बिरामीहरू असामयिक रुपमा ज्यान गुमाइरहेको अवस्था छ। नीतिगत रुपमा सिकलसेल एनिमिया तथा थालासेमिया रोगका औषधिहरू निशुल्क रुपमा बितरण गर्न राज्यले बनाएको अत्यावश्यक निशुल्क रुपमा वितरण गरिने अत्यावश्यक औषधीहरूको सुचिमा सिकलसेल एनिमिया तथा थालेसेमिया रोगका औषधिहरू नपर्दा बिरामीहरू निशुल्क औषधी पाउनबाट बन्चित रहेका छन्। यस रोगलाइ आवश्यक पर्ने औषधिहरू बजारमा सरल र सहज रुपमा किन्न नपाउने हुदा रोगीहरूले औषधि विना ज्यान गुमाउन परिरहेको छ। नेपालमा सिकलसेल एनिमिया तथा थालासेमिया रोग थारु समुदायमा जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। तसर्थ नीतिगत रुपमानै यो रोगको अध्ययन अनुसन्धान तथा प्रभावको छुट्टै अध्ययन हुन आवश्यक देखिन्छ। यो रोगको सामान्य रोकथाममा बाहेक अन्य कार्यक्रममा न्यून बजेट विनीयोजन भएको देखिन्छ। विभिन्न तहले बजेट व्यवस्था गरेपनि नीतिगत तथा कार्यक्रममा एकरुपता देखिएको छैन।

- प्रदेशस्तरमा थारु संग्रहालय र थारु होमस्टेका लागि मात्र बजेट व्यवस्था भएको देखिन्छ। केही स्थानीय तहमा विषयगत कानुनको रुपमा **बरघर सम्बन्धी ऐन** निर्माण भएता पनि अधिकांश स्थानीय तहमाथारू समुदायलाई लक्षित गरी नीति, योजना, बजेट तथा कार्यक्रम विनियोजनमा न्यूनता छ। पछिल्लो समयमा नेपालको संविधानले आर्थिक समानता र सामाजिक न्याय कायम गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्ने, थारू समुदायको संरक्षण, सशक्तिकरण र विकासका लागि विशेष व्यवस्था गर्न सक्ने, सामाजिक न्याय कायम गर्न थारू समुदायको समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक सुनिश्चित गर्ने भनिए पनि सो अनुसारको नीति, कानून, योजना तथा बजेटको व्यवस्था हुन सकेको देखिँदैन। संघीय निजामती सेवा ऐन हालसम्म आउन सकेको छैन। मधेश प्रदेश, लुम्विनी प्रदेश, बाग्मती प्रदेश र सुदुरपश्चिम प्रदेशले मात्र प्रदेश निजामती सेवा ऐनजारी गरेका छन् ।सबै स्थानीय तहमा स्थानीय सेवा ऐन आउन सकेको छैन। तसर्थ, थारु समुदायका लागि संविधानमा उल्लेख भए वमोजिम सार्वजनिक सेवामा छुट्टै क्लस्टर अनुसारको आरक्षणको व्यवस्था हुन सकेको छैन। शैक्षिक छात्रबृत्ति र राजनीतिक नियुक्ति प्रक्रियामा समानुपातिक समावेशीकरणको नीति पूर्ण रुपमा अवलम्वन गरेको देखिएको छैन।

- संसदीय शासन प्रणाली अवलम्बन गरेका प्रायः मुलुकमा संवैधानिक अंगहरूको व्यवस्था गरिएको हुन्छ। नेपालका १३ वटा संवैधानिक आयोगहरू मध्ये थारू आयोग पनि एक हो। यी आयोगहरूको कार्य क्षेत्र संवैधानिक रुपमा नै व्यवस्था गरिएको हुन्छ तर थारू आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था थारू आयोग ऐन, २०७४ ले गरेको छ। थारू आयोग ऐन, २०७४ जारी हुँदा दफा ७(ठ) को काम, कर्तव्य र अधिकारमा थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक निर्देशन दिने रहेकोमा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ अनुसार संशोधन गरी थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने बनाईएको छ। यस आयोगमा विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था रहेकोमा राजपत्रांकित प्रथम श्रेणीको सचिव रहने गरी संशोधन भएको छ। उक्त ऐनको विभिन्न प्रावधान संशोधन हुँदा आयोगको राय परामर्श लिने कार्य भएन। यसले गर्दा आगामी दिनमा अझै पनि आयोगको कार्य सम्पादनमा जटिलता थपिने देखिन्छ।

- थारू आयोग ऐन, २०७४ को प्रस्तावनाले थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्ने उद्देश्य राखेको छ। ऐनको दफा ७(ड) को काम, कर्तव्य र अधिकारमा थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने अधिकारको व्यवस्था भएको छ। छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने मात्र अधिकार हुँदा आयोगमा सो सम्बन्धी उजुरी प्राप्त हुन सकेका छैनन्।

- थारू आयोग ऐनको उद्देश्य थारू समुदायको सशक्तीकरण गर्ने भएता पनि सीप विकास तथा क्षमता

विकास कार्यक्रममा बजेट विनियोजनले प्राथमिकता पाउन सकेको छैन। संघ, प्रदेश र स्थानीय तहको बजेटमा थारू समुदायको क्षमता विकास तथा सशक्तीकरणमा लक्षित कार्यक्रम तथा बजेट व्यवस्थाका लागि प्राथमिकता दिईएको छैन। थारू समुदायमा आयोगसंगको अपेक्षा असीमित छन्। न्यायिक र राजनीतिक विषयका सम्बन्धमा समेत आयोगबाट निकास खोजिएको छ। संविधान निर्माणको क्रममा कैलाली जिल्लाको टिकापुरमा भएको राजनीतिक घटनाबारे राज्य पक्ष र थरुहट थारुवान संयुक्त संघर्ष समिति बीच भएका सम्झौता र सहमति हालसम्म प्रभावकारी रुपमा कार्यान्वयन नभएको हुँदा उक्त समस्यालाई सम्बोधन गर्न राज्यले यथाशिघ्र पहल गर्नुपर्ने देखिन्छ।

- थारू समुदायको खण्डीकृत तथ्यांकको अभाव छ। राज्यको अंगमा सहभागिताको अवस्था, मानव विकास प्रतिवेदन, वेरोजगारीको अवस्था, गरिबीको अवस्था आदिको स्पष्ट अभिलेख छैन। यसले गर्दा तथ्यमा आधारित नीति बनाउन र कार्यान्वयनमा जटिलता थपिएको छ।

- थारू समुदायमा रहेको बरघर, भल्मन्सा, महतावाँ जस्ता प्रथाले स्थानीय तहमा न्यायिक निरुपण तथा दैनिक सामाजिक कार्यसम्पादनको मुख्य जिम्मेवारी निर्वाह गर्दै आएका छन्। नेपाल सरकारले ILO - १६९ अभिसन्धिमा प्रतिबद्धता जनाएको भएतापनि हालसम्म यस प्रकारको प्रथालाई केही स्थानीय तहले मात्र कार्यान्वयन गरेको अवस्था छ। संघ र प्रदेशमा ऐन निर्माण हुन नसक्दा स्थानीय तहबाट जारी भएका ऐनहरूमा एकरुपताको अभाव खट्कीएको छ।

१०.१.२ **संस्थागत समस्या तथा चुनौती**:

- थारू आयोग ऐन, २०७४ को दफा १२ को उपदफा २ ले आवश्यकतानुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। थारू बाहुल्य क्षेत्रमा आयोगको सम्पर्क कार्यालय नहुँदा समुदाय र जनताको नजिकका सरकारहरूसंग निकट सम्पर्कमा रही थारू समुदायका यथार्थ समस्या पहिचान तथा समाधान गर्न कठिनाई भएको छ।
- यस आयोगमा थारू समुदाय वा Cultural Competent Bureaucracy को अवधारणा अनुरुपको कर्मचारी व्यवस्थापन हुन नसक्दा थारू समुदायमैत्री सेवा सञ्चालनमा कठिनाई भएको छ।यसमा सम्बन्धित निकायको ध्यान कम गएको देखिन्छ।
- विगतमा भएको दरबन्दीलाई व्यापक कटौती गरी संकुचित गरिएको छ जसका कारण कार्यसम्पादनमा असहजता भएको छ।
- ऐन संशोधन गरी विशिष्ट श्रेणीको सचिवको सट्टामा राजपत्रांकित प्रथम श्रेणीको सचिवको व्यवस्था गरिएको छ। यसवाट अन्य संघीय तथा प्रादेशिक मन्त्रालय सँग समन्वय गर्न असहजता भएको छ।
- थारु आयोग ऐन, २०७४ ले आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालय संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय लाई तोकेको छ। यसबाट नेपाल सरकारसँग छिटो छरितो सम्पर्क गर्न र विषयवस्तु बुझाईको गाम्भिर्यतामा असर परेको छ।

१०.१.३ **स्रोत साधनगत समस्या तथा चुनौतीः**

- थारू आयोग ऐनको उद्देश्य समुदायको विविध पक्षका बारेमा अध्ययन अनुसन्धान गर्ने रहेको छ। सीमित स्रोत, साधन तथा दक्ष जनशक्ति अभावका कारण अध्ययन अनुसन्धानमा व्यापकता दिन सकिएको छैन।
- समग्र थारू समुदायले आयोगबाट ठूलो सहयोगको अपेक्षा राखेको छ।आयोगबाट प्रत्यक्ष आर्थिक सहयोग र कार्यक्रमगत सहयोग आदिको माग अत्यधिक हुने गरेको छ।आयोगको कार्य प्रकृतिका कारण त्यस्ता मागहरू सम्बोधन गर्न सकिएको छैन।
- थारू बाहुल्य सबै स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र नीति तर्जुमा गर्नु पूर्व समुदायमा छलफल गराउन माग गरेको सन्दर्भमा सीमित स्रोतबाट क्षेत्रगत प्राथमिकीकरण गरी कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको छ।

१०.१.४ **व्यवस्थापकीय समस्या तथा चुनौतीः**

- नेपालको आदिबासी थारु समुदायको मानव अधिकारको अवस्था, टिकापुरमा भएको राजनैतिक घटनाको अवस्था तथा प्रभाव, राज्यको हरेक निकायमा रहेको बञ्चितीकरणको अवस्था, मानव बिकास सूचकांकमा पछाडी परेको अवस्था, राजनैतिक, सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पछाडी रहेको अवस्था विधमान रहेको छ।
- थरुहट। थारुवान संयुक्त आन्दोलन पश्चात थारु समुदायको हक हित अधिकार सँग जोडिएका माग तथा मुद्दाहरूलाइ सम्बोधन गर्न नेपाल सरकार र थारु कल्याणकारीणी सभा तथा थरुहट/थारुवान संयुक्त संघर्ष समिति विच भएका सहमति कार्यान्वयनको सवालमा सकारात्मक पहलकदमी हुन नसकेको देखिन्छ।
- थारु आयोग ऐन २०७४ अनुसार थारू आयोगको अधिकांश काम, कर्तव्य र अधिकार नेपाल सरकारलाई सुझाब दिने र सिफारिश गर्ने रहेको छ। थारु समुदायले थारु आयोगबाट ठूलो आशा तथा अपेक्षा राखेका छन्। यस आयोगले गरेको सिफारिसहरूको कार्यान्वयन पक्ष कमजोर रहेको छ। यसले गर्दा थारु समुदायका समस्याहरू यथावत् नै रहेका छन्।
- नेपाल सरकारले वि.सं.२०५७ सालमै कमैया मुक्तीको घोषणा गरेको भए पनि पुनःस्थापनाको कार्यले पूर्णता पाउन सकेको छैन। कतिपय कमैया र कम्लहरीहरूले परिचयपत्र प्राप्त गर्न नसकेको, कतिपय कमैयाले जग्गा प्राप्त गर्न नसकेको, कतिपयले प्राप्त भएको जग्गा उपभोग गर्न नसकेको देखिन्छ।आफ् नो स्वामित्वका घर घडेरी तोकिएको समयावधि सकिए पश्चात पनि बेचविखन तथा धितो राख्न सक्ने अवस्था नरहेको हुदाँ आर्थिक कृयाकलापमा नकारात्मक प्रभाव परेको देखिन्छ। अध्ययन, छात्रवृत्ति, सीपमूलक तालिम र रोजगारीको व्यवस्था पनि हुन नसकेको अवस्था विद्यमान रहेको देखिन्छ।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र आयोगबिच थारू समुदायका लागि सञ्चालित

कार्यक्रमहरूमा समन्वय हुन सकेको छैन। साथै यस समुदायको उत्थान गर्ने विषयले प्राथमिकता पाउन सकेको देखिँदैन। आफ्नो समूदायको हक हितको लागि माग तथा दवाव सृजना गर्ने सवालमा यस समुदायको उपस्थिति तलनात्मक रुपमा कमजोर देखिन्छ।

- थारु समुदायसँग सम्बन्धित पुरातात्विक सम्पदाहरूको उत्खनन्, संरक्षण, सम्बर्द्धन तथा विकास गर्नका लागि राज्यको ध्यान पुग्न सकेको देखिदैन। फलस्वरुप ती सम्पदाहरूको अतिक्रमण हुन गई लोप हुन सक्ने चुनौती रहेको छ।

### १०.१.५ व्यवहारिक समस्याः

- अशिक्षा, गरिवी, अभाव, चेतनाको कमी र परम्परागत धर्म, संस्कृति एवं रितीरिवाजको संरक्षणमा राज्यबाट ध्यान पुग्न नसक्दा थारू समुदायमा धार्मिक तथा सांस्कृतिक विचलन देखा परेको छ।
- थारू समुदायकै प्रतिनिधित्वबाट अध्ययन अनुसन्धानमूलक कार्य गराउँदा अपनत्ववोध हुने र यथार्थपरक प्रतिवेदन प्राप्त हुने मान्यताले समुदायकै व्यक्तिहरू सम्बद्ध रहेको संस्थाबाट कार्य गराउन खोज्दा त्यस्ता संस्थाहरूमा थारू समुदायको आवद्धताको कमी भएको पाईयो।
- अधिकांश थारू समुदायका व्यक्तिहरू कृषि पेशामा आवद्ध रहका छन्। कृषकहरूलाई आवश्यक मल, बीउ बिजन र कृषि यन्त्र उपकरणहरूको सहज उपलब्धता तथा सिंचाइको व्यवस्था नभएकोले उत्पादनमा कमी हुन गई कृषि आय घट्न जाने देखिन्छ। फलस्वरुप कृषि पेशावाट पलायन हुने क्रम बढ्दो छ।

## १०.२ आयोगको सुझाव तथा सिफारिश

१. संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, कानून, कार्यविधि, योजना र कार्यक्रम तथा बजेटमा थारू समुदायलाई प्राथमिकतामा राखी तीनै तहबाट आन्तरिकीकरण गर्न र आवश्यकताको सम्बोधन गर्न आवश्यक छ। संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन, स्थानीय सेवा ऐन यथाशिघ्र जारी हुनु आवश्यक छ। शिक्षा क्षेत्रमा छात्रवृति, राजनीतिक नियुक्तिमा संवैधानिक व्यवस्था अनुसार समावेशीकरणको नीति सवै क्षेत्रमा लागू हुने गरी नीति र कानूनको स्पष्टता हुनु पर्ने देखिन्छ।

२. संघीय निजामती सेवा लगायत तीनै तहका सरकारका सरकारी सेवा सञ्चालन सम्बन्धी ऐनमा थारू समुदायको जनसंख्याका आधारमा छुट्टै समूहमा राखी समानुपातिक समावेशीको सिद्धान्त अनुसार आरक्षणको प्रतिशत निर्धारण हुनुपर्दछ। प्रस्तावित संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकमा आरक्षण समूहको प्रतिशत निर्धारण निर्वाचन ऐन, २०७४ र जनसांख्यिक तवरले हुनुपर्ने देखिन्छ। थारू महिला समूहबाट कम्तिमा ६ प्रतिशत र थारू समूहबाट कम्तिमा ८ प्रतिशत गरी औषत ७ प्रतिशत आरक्षणको व्यवस्था कायम हुनु पर्दछ।

आरक्षण सम्बन्धि व्यवस्थामा तोकिएको समूहबाट पदपूर्ति हुन नसकेमा उक्त पदकालागि पुनः हुने विज्ञापनमा सोही समूहबाट क्रमशः पदपूर्ति गर्ने व्यवस्था गर्नुपर्दछ।

बास्तविक रुपमा पछाडी परेका अल्पसंख्यक समूहलाई समावेशीकरणले पहिलो प्राथमिकतामा राखी सम्बोधन गर्न सक्नु पर्दछ। पदपूर्तिका लागी संख्या निर्धारण गर्दा सवैभन्दा कम आरक्षण प्रतिशत समूहबाट प्रतिशत निर्धारण गर्न शुरु गरी क्रमशः माथिल्लो समूहको संख्या निर्धारण गरिनु पर्दछ।

३. सिकलसेल एनेमिया र थालासेमिया रोगको पहिचान, रोकथाम तथा उपचारका सम्बन्धमा एकिकृत कार्यविधि बनाई संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुन्छ। सो सम्बन्धी कुनै कार्यक्रम, अध्ययन, अनुसन्धानको कार्य गराउनु पूर्व यस आयोगसँग समन्वय गरि कार्य गर्न उपयुक्त हुनेछ।

४. कुनै पनि सरकारी तथा गैरसरकारी निकायले थारू समुदायको वृहत्तर रणनैतिक महत्व राख्ने विषय वा आयोगसँग सम्बन्धित विषयमा निर्णय गर्नुपर्दा आयोगको राय, सुझाव लिई निर्णय गर्दा समुदायको हितमा कार्य गर्न सहज हुनेछ।

५. थारू आयोग ऐन,२०७४ को दफा ७(ड) को काम, कर्तव्य र अधिकारमा थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिश गर्नेअधिकारको व्यवस्था छ। छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने मात्र अधिकार हुँदाआयोगमा सो सम्बन्धी उजुरी न्यून रहेको छ। त्यसैले यस आयोगलाई थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन गरी सम्बन्धित निकायमा सिफारिस तथा सुझाब दिन सक्ने अधिकार प्रदान गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

६. थारु समुदाय मुख्यतः परम्परागत कृषि पेशा भन्दा माथि उठ्न नसकिरहेको अवस्थामा संघ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा थारू समुदाय लक्षित क्षमता विकास तथा सशक्तीकरणका लागि प्राथमिकता दिन आवश्यक छ। तालिम पश्चात स्वरोजगारका लागि अवश्यक उपकरण तथा विउपुँजि (seed money) को व्यवस्था गरिनुपर्दछ।यसले गर्दा रोजगारी सिर्जना भई गरिबी घट्न जाने र मानव विकास सूचकाङ्कमा सुधार हुनेछ।

७. थारू समुदायमा रहेको बरघर, भल्मन्सा, महतावाँ जस्ता प्रथाजनित परम्परालाई सो समुदायका लागि कानूनी मान्यता प्रदान गर्न राज्यका तीनै तहबाट विद्यमान कानूनमा आवश्यक व्यवस्था हुनुपर्दछ।

८. थारू बाहुल्य क्षेत्रमा आयोगको सम्पर्क कार्यालय नहुँदा समुदाय र जनताको नजिकका सरकारहरूसंग निकट सम्पर्कमा रही थारू समुदायका यथार्थ समस्याहरू बुझी समस्या समाधान गर्न कठिनाई भएकोले हाल लाई प्रदेश नं १, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा सम्पर्क कार्यालय स्थापना गर्न आवश्यक रहेको छ।

९. यस आयोगमा कर्मचारी व्यवस्थापन गर्दा थारू समुदायबाट वा Cultural Competent Bureaucracy

को अवधारणा अनुरुपको कर्मचारी व्यवस्था हुन आवश्यक छ।

१०. आयोगको दरबन्दी कटौती भई कार्यसम्पादनमा असहजता भएको हुँदा साविक बमोजिमकै कर्मचारी दरबन्दी कायम हुनु आवश्यक छ।

११. राजपत्रांकित प्रथम श्रेणीको सचिवको सट्टामा विशिष्ट श्रेणीको सचिवको व्यवस्था हुनुपर्दछ।

१२. थारु आयोग ऐन, २०७४ मा संशोधन गरी आयोगको नेपाल सरकारसँगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तोक्नु आवश्यक छ।

१३. बजेट विनियोजन गर्दा थारू समुदायका विविध पक्षको अध्ययन, अनुसन्धानका लागि पर्याप्त बजेट विनियोजन हुन आवश्यक छ।

१४. थारु समुदायसँगको छलफल, अन्तर्क्रिया, गोष्ठी, सम्मेलनका साथै चेतनामूलक र सशक्तिकरणका बजेट तथा कार्यक्रम तर्जुमा, स्विकृती एवं सञ्चालन गर्ने स्वायत्त अधिकार आयोगलाई नै दिनुपर्दछ। यसका लागि एकमुष्ट बजेट विनियोजन हुनु आवश्यक छ।

१५. थारू समुदायमा रहेको गरिबी, अशिक्षा, बेरोजगारी हटाई मर्यादित जीवन व्यतित गर्न सक्ने बनाउनु आवश्यक छ। त्यसैले संघ, प्रदेश र स्थानीय तहले थारू मैत्री बजेटको अवधारणालाई आत्मसात गर्न आवश्यक छ।

१६. थारू आयोगले विगतमा गरेका सुझाव तथा सिफारिसहरू हालसम्म पनि कार्यान्वयन नभएकाले नेपाल सरकारले यथाशिघ्र कार्यान्वयनमा प्राथमिकता दिनुपर्दछ।

१७. थारू समुदायको हकहितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका सम्बन्धमा तीनै तहका सरकार, सरकार वाहेकका सवै पक्षहरू वीच समन्वयात्मक र सहकार्यात्मक तवरमा कार्य संचालन गर्नुपर्दछ।

१८. मुक्त कमैया तथा कम्लहरीको पुर्नस्थापनाको बाँकी कार्य सम्पन्न गर्न तीनै तहका सरकारहरूको एकिकृत प्रयास हुन आवश्यक छ। यसका लागि विगतको पुर्नस्थापना कार्यक्रमको निरन्तरताबाट समाधान खोज्न आवश्यक छ। हालै नेपाल सरकार, भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भएको अध्ययन प्रतिवेदनलाई यथा शिघ्र कार्यान्वयनमा ल्याउनुपर्दछ।

१९. थारू समुदाय भित्रको गरिवी र अभाव घटाई, चेतना स्तरमा वृद्धि गरी परम्परागत धर्म, संस्कृति एवं रितीरिवाजको संरक्षण गर्दै धार्मिक तथा सांस्कृतिक विचलनलाई रोक्नका लागि तीनै तहका सरकारका तर्फबाट एकिकृत प्रयास हुन आवश्यक छ।

२०. थारू मातृभाषामा आधारभूत तहसम्मको अध्ययन, अध्यापनको लागि पाठ्यक्रम निर्माण गर्न आवश्यक छ।

२१. थारु भाषालाई प्रदेश र स्थानीय तहको सरकारी कामकाजको भाषा कायम गर्न र पठनपाठनमा सहजता ल्याउन मानक भाषा तयार गर्न जरुरी छ। यसका लागि बजेट सुनिश्चित गरी छुट्टै कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।साथै भाषा आयोगबाट गरिएको सिफारिस अनुसार लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा

सरकारी कामकाजको भाषको रुपमा थारु भाषालाई यथाशिघ्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

२२. नेपालको संविधान निर्माणको क्रममा कैलाली जिल्लाको टिकापुरमा वि.सं २०७२ मा भएको घटना राजनितिक प्रकृतिको भएकोले नेपाल सरकारबाटराजनितिक रुपमा नै समाधान खोज्नु उपयुक्त हुनेछ। नेपाल सरकार मन्त्रिपरिषद् बाट मिति २०७९।०३।२७ गते भएको निर्णय यथाशिघ्र कार्यान्वयन हुनुपर्दछ।

२३. विभिन्न समयमा भएका थरुहट/थारुवान संयुक्त आन्दोलन र अन्य थारु सम्बद्ध आन्दोलनमा सरकारसँग भएका सहमति सम्झौताहरूको कार्यान्वयनमा हुनुपर्दछ।

२४. राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र आसपासका थारु समूदाय लगाएतका बासिन्दाहरूमा बन्यजन्तुबाट सुरक्षा चुनौति बढ्दै गइरहेको छ। सोको निराकरणकालागि सम्बन्धित निकायहरू बिच आपसि समन्वय तथा सहकार्यको अभाव देखिएको छ। बन्यजन्तुको आक्रमणबाट आवश्यक सुरक्षाको लागि समन्वय तथा प्रबन्ध गर्न सम्बन्धित निकायको ध्यान जान जरुरी छ।

२५. थारु समुदायसँग सम्बन्धित पुरातात्विक सम्पदाहरूको उत्खनन्, संरक्षण, सम्बर्द्धन तथा विकास गर्नकालागि राज्यको ध्यान जानु आवश्यक छ।

२६ नेपालको संबिधान तथा सरोकारवाला ऐन कानुन अनुसार थारु समुदायको छुट्टै पहिचान र क्लस्टर कायम भई सकेको अवस्थामा मधेशी क्लस्टर वा आदिबासी जनजाती क्लस्टरमा कहि कतैबाट समावेश गराउन खोज्नु नेपालको संबिधान तथा कानुन बिपरित देखिन्छ। यस विषयमा सरोकारवाला सबैको ध्यान जानुपर्ने देखिन्छ।

२७ शताब्दियौं देखि आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक रुपमा पछाडी पारिएका थारु समुदाय जस्तै अन्य समुदायहरूलाई राज्यको मुलधारमा ल्याउनका लागी आरक्षणको औचित्यता अझै आवश्यक रहेकोछ।

अनुसुची - १

# थारु आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको विवरण

| सि न. | नाम | पद | मोवाइल नं. | टेलिफोन नं. |
|---|---|---|---|---|
| १ | मा. विष्णु प्रसाद चौधरी | अध्यक्ष | ९८५१२१६२७९ | ०१५७०५२३१ |
| २ | मा. सुबोधसिंह थारु | सदस्य | ९८५१३१३८१८ | ०१५७०५०८४ |
| ३ | मा.भोलाराम चौधरी | सदस्य | ९८५१३१४११८ | ०१५७०५१९१ |
| ४ | मा.डा.उमाशंकर प्र. चौधरी | सदस्य | ९८५७०१२७३३,<br>९८५१३१७२८० | ०१५९०८३७२ |
| ५ | मा. शान्ती मोदी | सदस्य | ९८५१३१७२८१ | ०१५९०८३७१ |
| ६ | श्री कृष्णकान्त उपाध्याय | सचिव | ९८५१२१६८७९ | ०१५७०५११९ |
| ७ | श्री घनश्याम उपाध्याय | उपसचिव | ९८४१४६८०४० | ०१५७०५०८७ |
| ८ | श्री अन्जु सिंह केसी | उपसचिव | ९८४१२९७१४९ | ०१५७०५२९२ |
| ९ | श्री सुनिता तुम्बाहाङफे | शाखा अधिकृत | ९८६०६४३०१३ | ०१५७०५०९७ |
| १० | श्री चन्द्रा थापा | शाखा अधिकृत | ९८५११८०६४७ | ०१५७०५०९७ |
| ११ | श्री नन्दा पौडेल | शाखा अधिकृत | ९८४८०६८६६३ | ०१५७०५०९७ |
| १२ | श्री देवराज भट्टराई | ना.सु. | ९८४१८९५६४५ | ०१५७०५०८७ |
| १३ | श्री फणिन्द्रशंकर घिमिरे | ना.सु. | ९८४४०२००६९ | ०१५७०५०९७ |
| १४ | श्री शिव शर्मा | ना.सु. | ९८४६५००८५० | ०१५७०५०९७ |
| १५ | श्री चन्द्रराज गौतम | लेखापाल | ९८४१४४४६८७ | ०१५७०५०९७ |
| १६ | श्री पार्वती कुमारी नेपाल | कम्प्युटर अपरेटर | ९८४१७१८०६४ | ०१५७०५११९ |
| १७ | श्री हरि प्रसाद चौधरी | निजि सहायक | ९८४८१३५१७२ | |
| १८ | श्री गोमाकुमारी चौधरी | निजि सहायक | ९८०६२८५१६२ | |
| १९ | श्री शुभेक्षा चौधरी | निजि सहायक | ९८०७०६०७२९ | |
| २० | श्री विनिता चौधरी | निजि सहायक | ९८४७४५१६०० | |
| २१ | श्री नारायणी चौधरी | निजि सहायक | ९८५११७१२७९ | |
| २२ | श्री धनिराम थारु | ह.स.चा. | ९८४९०७०२५० | |
| २३ | श्री सिउगोपाल थारु | ह.स.चा. | ९८६०१६७७११ | |

| | | | | |
|---|---|---|---|---|
| २४ | श्री कुमार ढुंगाना | ह.स.चा. | ९८४३२८३८०५ | |
| २५ | श्री राजन कुमार चौधरी | ह.स.चा. | ९८२२५६९९६२ | |
| २६ | श्री मदन प्रसाद थारु | ह.स.चा. | ९८६७४८८८६५ | |
| २७ | श्री दिर्ग बहादुर तामाङ | ह.स.चा. | ९८४१५७३६७४ | |
| २८ | श्री राम कुमार माभी | ह.स.चा. | ९८०७०६०७४४ | |
| २९ | श्री दिपेन्द्र चौधरी | का.स. | ९८४११५१०४० | |
| ३० | श्री सरिता कार्की | का.स. | ९८४३०२१३८२ | |
| ३१ | श्री शान्त रत्न चौधरी | का.स. | ९८४०७५१०७८ | |
| ३२ | श्री सिताराम चौधरी | का.स. | ९७४२५८६२५६ | |
| ३३ | श्री गणेश कुमारी चौधरी | का.स. | ९८४०४२२४५२ | |
| ३४ | श्री कुशुमकुमारी चौधरी | का.स. | ९८६७७६११०३ | |

## अनुसूचि - २

# थारु आयोगबाट विभिन्न समयमा विभिन्न विषयमा भएका कार्यक्रम तथा अनुगमनबाट प्राप्त सुझावहरू

१. **थारु भाषा मानकीकरणकार्यक्रमका निष्कर्ष तथा सुझावहरू**

- थारू भाषा मानकीकरणमा देवनागरी लिपिको प्रयोग गर्ने र थारू लिपि खोज अनुसन्धान गर्ने प्रयासलाई जारी राख्ने ।
- वर्णमाला बनाउँदा स्वर वर्णको कथ्यमा अ, आ, इ, उ, ए, ओ गरी ६ वटा वर्ण प्रयोग हुने भएपनि लेख्यमा अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं. अः गरी १३ वटा वर्णको प्रयोग गर्ने ।
- व्यञ्जन वर्णको कथ्यमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह गरी २९ वटा वर्णको प्रयोग गर्ने ।

लेख्य वर्णमा क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह, लेख्ने, र श, ष, क्ष, त्र, ज्ञ समेत गरी ३६ वटा वर्णको आवश्यकता अनुसार प्रयोग गर्ने ।

- संवर्णको रूपमा ड़ , ढ़ , ड़्ह, न्ह, म्ह, र्‌ह, ल्ह गरी ७ वटा वर्णको प्रयोग गर्ने ।
- तत्सम, तद्‌भव र आगन्तुक शब्दलाई जस्ताकोतस्तै स्वीकार गरी लेख्ने ।
- थारू मौलिक शब्दलाई उच्चारणको आधारमा ह्रस्व र दीर्घ दुवैको प्रयोग गर्ने ।

- पञ्चम वर्ण (ङ, ञ, ण, न, म) लाई देवनागरी लिपिमा भएअनुसार स्वीकार गर्ने ।
- अ, आ र उ उच्चारणबाट बन्ने शब्दमा चन्द्रविन्दु ( ँ ) को प्रयोग गर्ने । अन्यमा शिरविन्दू ( ं ) प्रयोग गर्ने ।
- पाउ विन्दू, हलन्त र अजन्त चिन्हहरूको आवश्यकताअनुसार प्रयोग गर्ने ।
- स, श र ष मध्ये थारू मौलिक शब्दमा सँ को प्रयोग गर्ने । तत्सम, तद्‌भव र आगन्तुक शब्दहरूमा भने श र ष दुवै वर्णको समेत प्रयोग गर्ने ।
- कारक र विभक्ति चिन्ह शब्दसँग जोडेर लेख्ने । खातिर र लाग विभक्ति छुट्टै प्रयोग गर्न सकिने
- शब्दको शुरु र बीचमा इकार का लागि ( ि ) चिन्हको प्रयोग गर्ने, तर शब्दको अन्त्यमा इकार का लागि ( ी ) र शुरु र बीचमा ह्रस्व उकार ( ु ) दीर्घ ऊकार ( ू ) मात्रा, शब्दको अन्तिममा प्रयोग गर्न सकिने छ ।
- थारू मौलिक शब्दमा ह्रस्व प्रयोग गर्ने । आगन्तुक शब्दमा स्रोतभाषाको लेखन प्रणालीअनुसार ह्रस्व र

दीर्घ प्रयोग गर्ने ।

- संयोजकको प्रयोग गर्दा थारू भाषामा काहेकि, तर, मने, मुले, काखरेकि, व, वा, ओ, तबमारे, ओह ओरसे, ओहमार, कि, तौनफे, वा, लेकिन, मनो, क्याम्की, टभुफे, नै टो, हे, तथा, आर, तयो, महज, ताकि, मतर, और, हरे, नै ते, तौन, तौना, फिर, काकरेकि, कणिलेकि, कथिलेत, जब, तब, वकिन, आ, अउर, मगर, अगर, स्वयम्मे, या त, तैयौ लगायत थारू समुदायमा प्रचलित संयोजकहरूको प्रयोग गर्ने ।
- संयुक्त क्रियापद जोडेर (पदयोग) लेख्ने, तर आवश्यकता अनुसार पद वियोग गर्ने (छुट्याएर लेख्ने) ।

२ **राष्ट्रिय जनगणना, सरकारी कामकाजको भाषा र समावेशिता सम्बन्धी विभिन्न जिल्लामा भएका अनुगमनका सुझावहरू**

- थारुहरूको वाहुल्यता भएको ठाउँमा गणक पनि थारु नै राख्नुपर्ने,प्रत्येक थारुले आफ्नो थर नागरिकतामा थारु लेखाउनुपर्ने ।
- थारु भाषालाई सरकारी काम काजको भाषा वनाउनमा थारु आयोगले जिल्ला जिल्लामा छलफल तथा अन्तरक्रिया गराउनु पर्ने, यो विषयमा आयोगले थारुहरूको हक हितको लागि आवाज उठाउन हरेक सरकारी निकायमा थारुहरूको पहुँच पुऱ्याउनुपर्ने ।
- थारु शब्दकोष बनाउन नेपाल सरकारलाई आयोगले सिफारिश गर्नुपर्ने ।
- थारु भाषाको पाठ्यक्रम दाङका ४/५ वटा विद्यालयमा र वर्दियाको मानपुर लगायत ठाउँमा पढाइ हुँदै आएको छ ,थारु मातृ भाषाको पढाईहुने विद्यालयको संख्या कति छ आयोग मार्फत जानकारी गराउनुपर्ने ।
- समावेशिताको विषयमा संविधानमा भएको व्यवस्था कार्यान्वयनमा छ/छैन आयोगले अनुगमन गर्नुपर्ने । नामको पछाडी अनिवार्य थारु थर लेखाउन पर्ने । आर्थिक ,शैक्षिक, राजनितिक हरेक ठाउँमा पछाडी रहेकाको पँहुच वढाउन आयोगले अन्तरक्रिया, वहस, छलफल गर्नुपर्ने । थारु कल्याणकारिणी सभा एउटा साझा सस्था हो तर यसले थारुको हकहितको लागि काम गर्न सकिरहेको छैन, हकहितका लागि प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।
- समावेशीता तथा सरकारी कामकाजको भाषा लगायतका विषयमा तीन तहबाट छिट्टै कानून बन्नु पर्ने ।
- वाहुल्यताका आधारमा मानक भाषा लागु गर्न सकिने,थारु शब्दकोष निर्माण गरी शब्द भण्डार बढाउन जरुरी, आरक्षणलाई प्रभाकारी वनाउन जोड दिनुपर्ने ।
- सिकलसेल एनिमिया रोगको उपचार तथा रोकथामको लागि प्राथमिकताका साथ वजेट विनियोजन भईरहेको,कम्लहरीहरूको शिक्षाको लागि छात्राबृति रकमको व्यवस्था गरिएको, कम्लहरी,कमैया,सिकलसेल रोग सम्बन्धी कार्यक्रम गर्दा एकरुपता नभएको,यस्ता समस्याको समाधान गर्न सुदूरपश्चिम प्रदेशमा थारु आयोगको सम्पर्क कार्यालय खोल्नुपर्ने ।

- थारु भाषालाई सरकारी कामकाजको भाषा बनाउनमा आयोगले आवाज उठाउनुपर्ने, हरेक सरकारी निकायमा थारुहरूको पहुंच पुऱ्याउनु पर्ने ।
- खेतवारीमा रहेको अन्नवाली भित्र्याउने वेला जनगणना भएकाले घरमा बुढाबुढि र बालवच्चाहरू मात्र रहेको पाईएकोले उनिहरूले सबै कुराको जानकारी यथार्थ रुपले दिन नसकेको ।
- जनगणनाको सहि तथ्यांकले हाम्रो समूदायमा के फाइदा पुग्छ र गलत तथ्यांकले के बेफाइदा पुग्छ ? सहि तथ्यांकले थारु समूदायको समावेशितमा मुख्य भुमिका खेल्छभन्ने विषयमा जनचेतना बढाउनुपर्ने ।
- थारु समूदायको जनसख्या भन्दा थारु भाषाको वक्ता संख्या कम देखिन्छ। यस्तो फरक देखिने हुंदा वडा स्तरमा कार्यक्रम लैजानु पर्ने,मातृ भाषा कुन हो , दोस्रो भाषा कुन हो एकिन हुनुपर्ने ।
- जनगणना गर्दा धर्मको महलमा हिन्दुको सट्टा किरांत,प्रकृति पुजक, वौद्ध आदी लेख्नुपर्ने, सरोकारवालाहरूसंग सम्पर्क गरि जनगणनाको महत्व वारे जानकारी गराउनुपर्ने, गणकको कामको सम्बन्धमा सुपरभाईजरले अनुगमन नगरेको ।
- भाषा आयोगले १ नं. प्रदेशमा सरकारी कामकाजको रुपमा थारु भाषालाई सिफारिश नगर्दा थारु आयोगले किन पहल नगरेको ? आयोगको शाखा प्रदेशस्तरमा खोल्नु पर्ने । आयोगले थारु समुदायको चाहना अनुरुप काम गर्न नसकेको। थारु आयोगको काम, कर्तव्य र अधिकारलाई हरेक जिल्लामा कार्यक्रम मार्फत जानकारी गराउनु पर्छ।
- थारु आयोगले आगामी दिनमा थारु समुदायको लागि के कस्तो निति ल्याउदैछ ?थारु समुदायको उच्च शिक्षाको लागि शिक्षा आयोगले थारु विश्वविद्यालयको स्थापना कहिले गर्छ ? जातीय जनसंख्याको आधारमा थारुहरूको हरेक जिल्लामा सरकारले कोटा कहिले छुट्याउछ ? थारुहरूलाई मूल वासीमा राख्नु उचित की आदिवासी जनजातिमा राख्न उचित , अनुगमनमा जादा थारु अगुवा,वुद्दिजिवीहरू विच सामुहिक छलफल गर्नुपर्ने ।
- थारुको वास्तविक जनसंख्या कम भएको विषयमा खोजीगर्नुपर्ने ।
- समावेशिता निजी क्षेत्रमा समेत लागु गर्नुपर्ने ।
- मानक भाषाको निर्माणमा त थ द ध को प्रयोग हुनुपर्ने ।
- विद्यालयको पाठ्यक्रममा थारु भाषा समावेश हुनुपर्ने ।
- थारु माषा र जनशक्ति लाई सबै तहमा समावेश गर्नुपर्ने ।

**३ थारु महिला अधिकार, कानूनी शिक्षा, विद्यमान कुरीति र अन्धविश्वास न्यूनिकरण सम्बन्धी विभिन्न स्थानमा भएका कार्यक्रममा प्राप्त सुझावहरू**

- कार्यक्रममा किन महिलालाई मात्र सहभागी गराइन्छ जवकि महिला हिंसा गर्नमा पुरुषहरूको हात हुन्छ। थारु आयोग केन्द्र स्तरमा मात्र सिमित भएकोले हाम्रो पहुँच पुगेन, प्रदेश स्तरमा समेत आयोगको

कार्यालय बिस्तार गर्नु पर्ने ।

- १ न प्रदेशमा थारुहरूको वाहुल्यता छ तर पनि सरकारी कामकाजको भाषा थारु हुन सकेको छैन यसमा आयोग किन मौन छ ?
- थारुहरूको कार्यक्रम संघ सस्थालाई संचालन गर्न दिनु भन्दा सक्षम महिलालाई दिनुपर्ने । लोकसेवाको परिक्षामा नेपाली भाषामा परिक्षा दिनु पर्दा परिक्षार्थी डराएका ,स्थानीय तहमा किन मातृ भाषामा पठनपाठन सुरु नगरेको,थारु आयोगद्धारा थारु संग्रहालय निर्माण गर्न वजेट विनियोजन गर्न मिल्छ मिल्दैन, हिंसामा परेका महिलालाई निःशुल्क कानूनी परामर्शदिन र मुद्दा लड्नका लागि वकीलको व्यवस्था गर्न मिल्छ कि मिल्दैन, समाज र परिवारवाट तिरस्कृत महिलाका लागि आयोगले कसरी सहयोग गर्न सक्छ?
- अस्पतालमा आउने लैगिक हिंसाका प्रकार तथा त्यसको शारिरीक तथा मानसिक रुपमा हुने उपचारको साथै कानूनी सल्लाह प्रदान हुने विषय सम्बन्धी जानकारीमूलक यस किसिमको छलफल तथा कार्यक्रमले सहभागिलाई उत्साहित गरेको । थारु महिलाहरूको, आथिक,सामाजिक,राजनितिक र शैक्षिक अवस्थाको सुधार हुनुपर्ने,यस्ता कार्यक्रमलाई आयोगले अझ व्यापक वनाउनु पर्ने, थारु वाहुल्यता भएका जिल्लामा महिला जनचेतनामूलक कार्यक्रम ल्याउन अझ आवश्यक छ। आफ्नो भाषा, साहित्य, कला सस्कृतिलाई चिन्न सक्नु पनि विकासको पाटो हो । स्थानीय र नेपाली भाषामा संचालित कार्यक्रमले अझ रौनक बढाएको ।
- शिक्षाको क्षेत्रमा थारुहरूको पहुँच कम छ, त्यसको लागि छात्रवृत्ती कोटाको व्यवस्था हुनु पर्ने । सरकारी विद्यालयले कुल विद्यार्थी संख्याको दश प्रतिशत नघटाइ गरीब, अपाङ्ग,महिला,दलित,जनजाति विद्यार्थीहरूलाई छुट्याउनु पर्ने । नि.शुल्क शिक्षाको व्यवस्था संविधानमानै उल्लेखहुनु पर्ने ।
- महिलाको श्रमको उचित व्यवस्था र सम्मान नगरिनु, महिलाको पारिवारिक र सामाजिक भुमिका बढी हुनु, परम्परा,प्रचलन,पितृसतात्मक सोच यथावत रहनु, विवाहको उमेर २० वर्ष तोके पनि पारिवारिक दवावका कारण कम उमेरमा विवाह हुनु ।
- महिला सहकारी संस्थालाई उत्पादनमुलक व्यवसाय बनाउनु पर्ने, धेरैजसो पारिवारिक घटना आपसी समझदारीमा मेलमिलाप गर्ने गरेको, शिक्षामा महिलाहरूको पहुँच वढाउन चुनौती रहेको ।
- थारु महिला जनप्रतिनिधि, पिछडएिका थारु महिला, एकल महिला, थारु महिला विद्यार्थी लगायतको सहभागितामा भएको कार्यक्रममा कानूनी जनचेतना, कुरिती र अन्धविश्वासको अन्त्य, हिंसा पिडित महिलाहरूको कानूनी उपचार पुनःस्थापना सम्वन्धी कानूनी र व्यवहारगत ज्ञान दिईएको। यस्ता कार्यक्रम नियमित हुनुपर्ने ।
- थारु समूदायमा रहेका विकृति विसंगती, अन्धविश्वास, दाइजो प्रथा तथा बालविवाह जस्ता कुरितिलाई अन्त्य गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने देखियो ।

४. **बाँके जिल्लाको नेपालगंजमा सिकलसेल एनिमिया रोगको उपचार तथा रोकथाम सम्बन्धी एकिकृत कार्यविधि निर्माण सम्बन्धी छलफल कार्यक्रम**

यस रोगको रोकथामका लागि एकिकृत कार्यविधि निमार्ण हुनुपर्ने, सो सम्बन्धमा थारु समूदायलाई जानकारी र सचेतना प्रदान गर्नुपर्ने, पालिका र प्रदेश सरकारले पर्याप्त बजेट छुट्याउनु पर्ने देखिएको ।

५. **थारु भाषा जगेर्नाका लागि स्थानीय तहको भूमिका**

- थारु मातृ भाषालाई जगेर्ना गर्ने र भावी पुस्तालाई हस्तान्तरण कसरी गर्ने,आगामी दिनमा स्थानीयवाट आयोगलाई रचानात्मक काममा सहयोग गर्नुपर्ने, थारुहरूको लिपि खोज्न सहयोग गर्नुपर्ने, आफ्नै थारु समुदायको लेखकले वास्तबिक इतिहास लेखिरहेको थाहा भएको । सप्तरी र उदयपुर जिल्लाका थारुहरूलाई लक्षित गरि थारु भाषाको पाठ्यपुस्तक छपाई गरेता पनि लागु गर्न नसकेको, थारु भाषामा विविधता रहेको र स्कूलमा अध्ययन गर्ने वालवालिका विभिन्न समुदायका हुनेहुनाले थारु भाषालाई ऐच्छिक विषयको रुपमा लागु गर्नुपर्ने, थारु भाषालाई पठन पाठन र सरकारी कामकाजी भाषाको रुपमा ल्याए मात्र त्यसको अस्तित्व रहने, थारु भाषा लोप हुन नदिन थारु शब्दकोष, व्याकरण लिपि वनाउनु पर्ने, थारु वाहुल्यता भएका ठाउँमा स्थानीय तहलाई थारु भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नका लागि आयोगले दवाव दिनुपर्ने । थारु साहित्यकार र थारु भाषा प्रेमीलाई सम्मान गर्नुपर्ने ।
- थारु समुदायको विकासका लागि पालिकाले वजेट छुट्याए पनि जनशक्तिको अभाव, स्थानीय तहले वजेट विनियोजन गर्नु भन्दा पहिले आयोगसँग समन्वय नगर्नु, थारु भाषा ऐच्छिक विषयको रुपमा लागु गर्नुपर्ने, ,थारु भाषा लोप हुन नदिन थारु शब्दकोष,ब्याकरण,लिपि बनाउनु पर्ने,थारु भाषी विद्यार्थीका लागि पाठ्यक्रम तयार पार्नुपर्ने ।

६. **थारु समुदायमा परम्परागत ढक्या तथा आधुनिक हस्तकला तालिम कार्यक्रमका सुझावहरू**

- थारु महिलाहरूको जीवन स्तर उकास्न मद्दत पुग्ने, ढक्या,देल्वा,पनछोपनी, नुइयाको महत्व धैरै रहेको,आफ्नो सिप बचाई राख्न तालिमको महत्व रहेको,अहिले प्लाष्टिकको सामानले विस्थपित गर्दै गएको, आर्थिक स्तर सुधार्न मद्दत पुग्ने ।
- जिल्लामा छरिएर रहेका कमैयाहरूको तथ्याङ्क संकलन गरी गांस, वास, कपास, शिक्षा, स्वास्थ्य रोजगार आदिको सुबिधा प्रदान गर्नुपर्ने ।
- सहभागी प्रशिक्षार्थीहरूले यस किसिमका कार्यक्रम अलि लामो समय सम्म संचालन गनुपर्ने ,भत्ता वढाउनु पर्ने, छोटो अवधिको तालिम भएपनि धैरै सिकेको महसुश भएको, प्रशिक्षार्थी सिकाइप्रति उत्सुक रहेको पाईयो ।
- बजारमा प्लास्टिकका समानले परम्परागत रुपमा चलिआएका ढाकी जस्ता बस्तुका प्रयोग लोप हुने

अवस्थामा पुगेकाले यसको संरक्षण हुनुपर्ने ।

- ➢ यस्ता कार्यक्रम संचालन गर्दा प्रशिक्षण दिने संस्थाको योग्यता सुनिश्चितता हुनुपर्ने ।

**७. थारु समुदायको समग्र स्थिति अध्ययन तथा भल्मन्सा प्रथाको अनुगमन**

- ➢ भल्मन्सा, बरघर प्रथाको अनुगमनको क्रममा भल्मन्सा शुरुवात भएदेखि हालसम्म अपनाइ रहेको व्यवस्थाको वारेमा जानकारी भयो । भल्मन्सा प्रणालीको संरक्षण, प्रवर्द्धन र बिकास गर्न वनेको ऐन, २०७८ पारित गरि कार्यान्वयनमा ल्याएको पाइयो । थारु समुदायले स्वायत्त र स्वशासित रुपमा आफ्नो प्रथा र प्रचलित कानून चीरकाल देखि निरन्तर प्रचलनमा रहदै आएको देखियो ।यो ऐनले केही प्रथाजनित थारुका शब्दहरू उल्लेख गरि व्यवहारमा ल्याएको देखिन्छ ।जस्तै, नगर भलमन्सा, वडा भलमन्सा,भलमन्सा सहायक,लिखन्डार, भर्रा वा गुर्वा, केसौका आदि ।

**८. निर्वाचन अनुगमन तथा पर्यवेक्षण**

- ➢ सबै राजनीतिक दलहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न लगाउन सके निर्वाचन निष्पक्ष हुने देखिन्छ ।

**९. थारु साहित्य सम्मेलन**

- ➢ थारु भाषा, साहित्य, उत्थानका लागि थारु साहित्य, संघ संस्था भाषाप्रेमी,लेखक, प्रकाशक, सम्पादकहरू एकजुट हुनु पर्ने । थारु भाषा पठन पाठन कार्यान्वयनका लागि थरुहट क्षेत्रका पालिकाहरूमा पहल गर्ने,लोक साहित्य तथा संस्कृतिको संरक्षणमा जोड दिनुपर्ने, सम्मान पुरस्कारका लागि अक्षयकोष स्थापना गर्नुपर्ने,छैटौं राष्ट्रिय थारु साहित्य सम्मेलनको स्मारिका प्रकाशन गर्ने, थारुहरूको वास्तविक इतिहास बङ्ग्याएर लेखेको पाइयो, थारु भाषामा कलम चलाउने व्यक्ति कम नभएता पनि संगठित र व्यवस्थित गर्ने नेतृत्वको कमी । साहित्य समाजको ऐना हो ,समाज परिवर्तन गर्न साहित्यकारको अग्रणी भुमिका रहने, वास्तविक दस्तावेजिकरण साहित्यवाट सम्भव हुने, थारुहरूको साहित्य,कला, सस्कृति एकीकृत रुपमा लिपिबद्ध हुन नसकेको पाइयो । वास्तविकता बुझ्न समय समयमा यस्ता किसिमका अनुगमन भ्रमण गर्नुपर्ने देखियको ।

**१०. दिगो विकासका लक्ष्य तथा सूचकहरूमा थारु समुदायको अवस्था विषयक अध्ययनका सुझाव**

- ➢ निर्णायक क्षेत्रमा समावेशिता कायम हुनुपर्ने,अधिकार लडेर लिनुपर्ने आस गरेर मात्र अधिकारको सुनिश्चिता नहुने,कमैया, कम्लहरीहरूलाई अहिले सम्म उचित व्यवस्थापन गर्न नसकिएको ।

- ➢ थारु समुदायलाई संविधान अनुसार छुट्टै क्लस्टर कायम गरि समावेशिताको नीति कार्यान्वयनका लागि व्यवस्था गरिनुपर्ने ।

११. **थारु सम्पदाहरूको अनुगमन**

- थारु समूदाय भित्र रहेका ऐतिहासिक र साँस्कृतिक सम्पदाको वास्तविक स्थिति थाहा भएको ।
- सूचिकृत नभएका वा छुटेका सम्पदाहरू पत्ता लगाउन सहज भएको ।
- थारु समूदायमा रहेका र लोप हुन लागेका विविध कुरा थाहा भएको ।
- यस्ता ऐतिहासिक महत्व भएका सम्पदाहरूको प्रभावकारी अनुगमन गर्न सकेमा थारु समूदायका सँस्कृति र धरोहरको उचित पहिचान, संरक्षण र प्रवर्द्धन हुन सक्ने ।

अनुसूचि-३

# थारु सम्बद्ध लेख रचना सम्बन्धी स्मारिकामा प्रकाशित लेख रचनाको विवरण

| क्र. स. | लेख रचनाको शीर्षक | लेखकको नाम | कैफियत |
|---|---|---|---|
| १ | विगतमा कमैया प्रथा र वर्तमान अवस्था | मा विष्णु प्रसाद चौधरी | |
| २ | नेपाल सरकार र थारु समुदाय विच भएका सम्झौताहरू | मा सुबोध सिह थारु | |
| ३ | थारु भाषामा मानकिकरणको अवस्था | मा भोलाराम चौधरी | |
| ४ | राज्यको समावेशी सवालमा थारु समुदाय | मा डा उमाशंकर प्रसाद चौधरी | |
| ५ | आदवािसी जनजातिका अधकािर, आई एल ओ, १६९ प्रथाजनित कानुन र थारु समुदाय | मा शान्ती मोदी | |
| ६ | रुपन्देहीको थारु संस्कृति भाषा र कला | बमबहादुर थारु | |
| ७ | थारु र थारुको धर्म | भुलाइ चौधरी | |
| ८ | थारु समुदायमा संख्याको समाजशास्त्र | कृष्णराज सर्वहारी | |
| ९ | थारु साहित्यमा कैलाली र कंचनपुरको इतिहास | सागर कुश्मी | |
| १० | थारु जाति एक विवेचना | गोविन्द चौधरी | |
| ११ | थारु साहित्य | नन्दलाल चौधरी | |
| १२ | थारु गीत संगीतको बाटो | भुमिका थारु | |
| १३ | जूरशीतल नयाँ बर्ष उत्सव समारोह | लक्ष्मिनारायण चौधरी | |
| १४ | थारु संस्कृतिमा बौद्ध संस्कार एक अध्ययन | शिवशंकर चौधरी | |
| १५ | बाँके जिल्लामा थारु बड्घरको राजनीतिक नेतृत्व | पवन कुमार थारु | |
| १६ | समाचकेवा पर्व सामाजिक तथा ऐतिहासिक जीवन्त गीतिमहाकाब्य एक अध्ययन | सन्तोषी कुमारी चौधरी | |
| १७ | मोरङ्गिया थारु एक परिचय | राजेश सरदार | |
| १८ | लवाङ्गी पूजा | सुशिल चौधरी | |
| १९ | नवलपुरका थारुको पहिचान दिने सम्पदा र तिनको वर्तमान अवस्था | हरिमाया थनेत | |
| २० | थारु राजनीति मन्त्री र सांसदहरू | लक्की चौधरी | |
| २१ | अष्टिम्की प्रकृति र मानव जीवनको महिमा | छविलाल कोपिला | |

| क्र. स. | लेख रचनाको शीर्षक | लेखकको नाम | कैफियत |
|---|---|---|---|
| २२ | थारुमाथि दमन विद्रोह र अवको बाटो | पुरन प्रसाद चौधरी | |
| २३ | थारु समुदायको विवाह परम्परा | बुद्धसेन चौधरी | |
| २४ | मोरङ्गिया थारुको सामाजिक शासन ब्यवस्था | रामसागर चौधरी | |
| २५ | थारु समुदायको सुख र सम्वृद्धिका लागि सम्यक मार्ग | राजेश थारु चौधरी | |
| २६ | सुर्खेती थारु तथ्यांक २०७८ एक अध्ययन | मानबहादुर चौधरी पन्ना | |
| २७ | थारु समुदायबारे संवैधानिक र कानुनी ब्यवस्था एक विश्लेषणात्मक टिप्पणी | ऋतिक यादव | |

## अनुसुची- ४

# सिकलसेल एनिमिया र विटा थालेसेमिया सम्बन्धी आयोगबाट प्रकाशित जानकारी पुस्तीका

### १ पृष्ठभूमि

विश्व र नेपाल पनि आज सर्ने रोग, नसर्ने रोग र emerging and re–emerging रोगहरूका साथै विश्व महाब्याधि (pandemic) को चपेटामा छ। नसर्ने रोगहरूमा एकातिर मधुमेह, कार्डियोभास्कुलर रोगहरू, दिर्घकालिन श्वासप्रश्वास को समस्या र क्यान्सर छन् भने अर्को तिर बंशानुगत रोगहरू छन्। बंशानुगत रोगहरू कुनै छिटपुट रुपमा छन् जसलाई जनस्वास्थ्य समस्याको रुपमा हेर्न नपर्ने तर क्लिनिकल व्यवस्थापन गरे पुग्छ भने कतिपय जनस्वस्थ्य समस्याको रुपमा छन् र यी समस्याहरू रोकथाम गर्न सकिने खालका छन्। यस्तै रोकथाम गर्न सकिने रोगहरू मध्ये hemoglobin सम्बन्धी रोगहरू (Hemoglobinopathy) मा मुख्यतया सिकलसेल एनिमिया र थालेसेमिया बढी छन्।

विश्वभरमा नै हेमोग्लोबिनोप्याथी (सिकलसेल एनिमिया रोग, बिटा थालेसेमिया ) जनस्वास्थ्य समस्याको रुपमा रहेको छ। विश्व स्वास्थ्य संगठनको सन् २००८ मा प्रकाशित बुलेटिन अनुसार विश्वका २२९ देशहरूमध्ये ७१ प्रतिशत, १९५ देशमा हेमोग्लोबिन सम्बन्धी बिकार महत्वपुर्ण समस्या को रुपमा रहेकोछ। बार्षिक ३ लाख ३० हजार शिशुहरू यी समस्याबाट ग्रसित भएर जन्मिने गर्दछन्। जसमध्ये ८३ प्रतिशत सिकल सेल र १७ प्रतिशत थालासेमियाबाट प्रभावित हुन्छन। पांच वर्षमुनिका ३.४ प्रतिशत बच्चाहरूको मृत्यु हेमोग्लोबिन सम्बन्धी बिकारबाट हुने गर्दछ। विश्वभरमा ७ प्रतिशत गर्भवती महिला यी रोगका बाहक हुने गर्दछन् भने १ प्रतिशत दम्पत्ति जोखिममा छन्।

### मौलिक हकमा स्वास्थ्य

स्वास्थ्य सम्बन्धी हक नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अर्न्तगत धारा ३५ मा उल्लेख गरिएको छ। जसमा उपधारा (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। उपधारा (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ।

धारा ५१ मा उल्लेख गरिए अनुसार नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने, नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका

लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने र नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने भनिएको छ।

दीगो विकास लक्ष्यमा पनि आरोग्यता तथा कल्याणलाइ समेटिएको छ जसमा स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने उद्देश्यले नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्युको अन्त्य गर्ने, परिवार नियोजनलगायत यौन तथा प्रजननूसम्बन्धी स्वास्थ्यसेवा र सूचना तथा शिक्षामा सर्वसुलभ पहुँचका साथै प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समायोजन गर्ने कार्यलाई सुनिश्चित गर्ने, सर्बसुलभ स्वास्थ्यसेवा, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच तथा सबैका लागि सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचितमूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँच हासिल गर्ने जस्ता लक्ष्य राखिएको छ।

## २ नेपालको सन्र्दभमा सिकलसेल एनिमिया र विटा थालासेमियाको इतिहास

नेपालको सन्दर्भमा सिकलसेल एनिमियाको इतिहास त्यती पुरानो छैन। इस्वि सम्बत् २००३ मा जर्नल अफ नेपाल मेडिकल एसोसिएसनमा डा. आर सी अधिकारी र उहाँको टिमले पश्चिम नेपालका २ जना थारु समुदायका व्यक्तिमा सिकल सेल एनिमियाको पहिचान गरी सम्भवतः नेपालको पहिलो केस रिपोर्ट भनि उल्लेख गरेको पाईन्छ। त्यसपछी सन् २०११ सम्म छिटफुट रुपमा नेपालमा सिकलसेल एनिमियाका केहि केसहरू रिपोर्ट भएका छन्। पश्चिम नेपालका थारु समुदायमा जनस्वास्थ्य समस्या को रुपमा भने भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. राजन पाण्डे लगाएत यस क्षेत्र मा काम गर्ने अन्य स्वास्थ्य कर्मीहरूले लगातार रुपमा केस रिपोर्टहरू रिपोटिङ्ग गरेर आवाज उठाएपछी र सो रिपोर्ट को आधार मा तत्कालिन संबिधान सभा सदस्य माननीय डा. गोपाल दहितले मिति २०७१ असार १५ मा यस बिषयलाई संबिधान सभा मा दर्ता गरि बहस चलाएपछी तत्कालिन मन्त्रिपरिषद् को बैठकले मिति २०७१ श्रावण २२ गते सिकलसेल एनिमियालाई बिपन्न नागरिक औषधि उपचार कोष निर्दिशिका, २०७१ (संसोधित ) मा समावेश भएको हो। विभिन्न समयमा विभिन्न पत्रकारहरूले यस रोगको बारेमा गरेको पैरवीले पनि निकै सकारात्मक भूमिका खेलेको पाइन्छ। सबै भन्दा पहिले २०७० जेष्ठ १० गते पत्रकार रुद्र सुबेदीले राजधानी दैनिक मा यो रोगका बारेमा कलम चलाएका थिए।

त्यसैगरी बिटा थालासेमिया को नेपाली इतिहासको सन्र्दभमा चर्चा गर्दा सिंगापुरमा कार्यरत ब्रिटिश गोर्खा सैनिकको सन्ततिमा तत्कालिन ब्रिटिश डाक्टर David J.Weatherall ले सन् १९५६ मा थालासेमिया रोग पहिचान गरेको इतिहास पाइन्छ। सो कुरा ब्रिटिश मेडिकल जर्नलको जुन ४, १९६० को अंकमा छापिएको छ। थालासेमियाका बच्चाहरू जन्मेको ६ महिना पछिनै रक्त अल्पता हुने र फियो र कलेजो सुन्निने हुँदा चिकित्सकहरूले पहिचानमा सिकलसेल एनिमिया जस्तो लामो समय अल्मलिएको देखिदैन। हाल नेपालमा नेपाल थालासेमिया सोसाईटीमा करिब ३ सय र देश भरिका तराईका विभिन्न अस्पतालहरूमा गरेर अनुमानित करिब १ हजार जना जति बिटा थालासेमियाका बिरामीहरू छन्।

## ३ सिकलसेल एनिमियाको परिचय र लक्षणहरू

सिकल सेल बिकार/रोग (Sickle Cell Disorder) रगतमा हुने हेमोग्लोबिनको गडबडीका कारण हुने आनुबंशिक अवस्था हो। सिकल सेल रोग हेमोग्लोबिन जिनको एउटा प्रोटिन को छैठौ β globin molecule (B6 Glu–val, Valine for glutamic acid replacement) मा प्रतिस्थापन हुँदा साधारण बयस्क हेमोग्लोबिन (Sickle Hemoglobin – HbS) को संरचना परिबर्तन हुँदा हुने गर्दछ। यो रोग भएका व्यक्तिमा असाधारण प्रकृतिको Hemoglobin S अणुहरू हुन्छन जसले सामान्य रातो रक्तकोषलाई हँसिया वा अर्ध चन्द्र आकारको स्वरुपमा परिबर्तन गर्छ।

रातो रक्तकोषको आकार परिवर्तन भई सिकल अथवा हँसियाको रूप लिने हुनाले यसलाई सिकलसेल एनिमिया भनिन्छ। सिकलसेल एनिमिया भएपछि रगतको कोषिकाले हँसियाको आकार लिन्छ। सिकलसेल ट्रेट भनेको यस्तो अवस्था हो जसमा व्यक्तिले आफ्नो आमा वा बुवा मध्ये कुनै एकबाट सिकलसेल जिन बंशानुगत रुपमा प्राप्त गर्छ तर सिकलसेल रोगको कुनै लक्षण देखिदैन।

हाल पश्चिम नेपालमा थारू समुदायमा जनस्वास्थ्य समस्याको रुपमा र अन्य जातमा फाट्टफुट्ट रुपमा यो रोग देखिएको छ। बाँके, बर्दिया, सुर्खेत ,कैलाली, कंचनपुर, दांग, कपिलवस्तु, रुपन्देही नवलपरासी (पूर्व/पश्चिम) आदि पश्चिमी तराईका जिल्लामा यो रोग ब्यापक रुपमा देखिएको छ। भेरी अस्पतालमा रास्ट्रिय हेमोग्लोबिनोप्याथी केन्द्र रहेको छ।

रातो रक्तकोषको आयु सामान्यतया १२० दिनको हुन्छ। तर, हँसिया आकारको रक्तकोष २०/२२ दिनमै मर्ने गर्दछन्। रक्तकोषहरू मरेपछि शरीरका अंगहरूमा 'अक्सिजन' र पोषण तत्व पुग्दैन र तन्तु मर्छ। त्यसपछि बिरामीको मांसपेशी, जोर्नी र छाती दुख्ने समस्या हुन्छ। समयमै उपचार नपाए बिरामीको मृत्यु हुन सक्छ। पटक पटक को शरीर दुखाई र रक्त अल्पताले व्यक्तिको जीवन ज्यादै कष्टकर बन्न पुग्छ।

सिकलसेल एनिमिया भएका बिरामीहरूको गोलाकार रक्तकणिकाहरू छिटोछिटो नष्ट भई रक्त सञ्चारमा अवरोध उत्पन्न हुन्छ, जसले गर्दा विरामीको रगतमा अक्सिजनको कमी हुनगई शरिरका विभिन्न भित्री अंगहरूमा नोक्सानी पुग्नुका साथै मस्तिष्कघात, शरिरमा पिडा, अन्य रोगहरूको संक्रमण, जण्डिसको जस्तो लक्षण देखिने, पत्थरी, फोक्सोमा रुकावट, मृगौलामा खराबी, लिंग उत्तेजित हुँदा पिडा हुने, फियो वा कलेजोमा रक्तसञ्चार रुकावट आदि जस्ता बिभिन्न रोगका लक्षणहरू देखा पर्दछन्। सिकलसेल एनेमियाका विरामीहरूमा फरक-फरक किसिमका रोगका लक्षणहरू देखा पर्ने भएकाले कतिपय बिरामीहरूको सिकल सेल रोग पहिचान हुनु भन्दा अगावै मृत्यु भैसकेको हुन्छ। कतिपय अवस्थामा सिकलसेलको सहि निदान नभई बाथ रोग, भाइरल हेपाटाइटिस, मलेरिया, रगतको संक्रमण (sepsis) वा मानसिक रोग भनि उपचार गरेको पाइन्छ।

अफ्रिका, दक्षिण अमेरिका, यूरोप, ग्रीस, अरब, क्यारेबियन, भारत, नेपाललगायतका औलो जोखिम क्षेत्रमा हजारौं बर्षदेखि बसोवास गर्दै आएका आदिवासीहरूमा सिकलसेल एनेमियाका बिरामीहरू प्रशस्त संख्यामा भेटिन्छन्। करिव दश हजार बर्ष अगाडि औलो रोगको उत्पति भएको अनुमान गरिए पनि अध्ययनले करिव चार हजार बर्ष पहिले यस रोगले मानव अस्तित्व नै संकटमा पार्ने गरि फैलिएको अनुमान गरिएको छ।

मानव विकासको क्रममा औलो रोगको महामारीसँग जुध्न गोलाकार रक्तकणिका बनाउने जीनमा प्राकृतिक उत्परिवर्तन भई मानवमा मलेरिया रोगसंग लड्न सक्ने प्रतिरोधात्मक क्षमताको विकास भएको हुनु पर्दछ।

हालसालै नेपाल सरकार, स्वास्थ्य अनुसन्धान परिषद्ले बर्दियाको बारबर्दिया नगरपालिकाको थारु समुदायको १ देखि २९ बर्ष सम्मको २० हजार जना व्यक्तिहरूको हेमोग्लोबिनोप्याथिको परिक्षण गर्दा ११.३ प्रतिशतमा सिकल सेल disorder दिखिएको थियो। जसमध्ये १०.६ प्रतिशत सिकल सेलको बाहक र ०.७ प्रतिशत सिकलसेलका रोगी थिए। करिब ५ प्रतिशत बिटा थालासेमियाका बाहक पनि उक्त अनुसन्धानले पत्ता लगाएको थियो। २०६८ सालको जनगणना अनुसार, नेपालमा थारू समुदायको जनसंख्या १७ लाख ३७ हजार ४ सय ७० रहेको छ। यस हिसाब हेर्दा नेपालमा करिब दुई लाख भन्दा बढी थारु समुदायका ब्यक्तिहरूमा सिकल सेल रोगको गुण भएको अनुमान गर्न सकिन्छ। तसर्थ नेपाल सरकारले समयमै सिकलसेलका लागि डिएनए परिक्षण गरि जेनेटिक परामर्शको ब्यवस्था नगर्ने हो भने भविष्यमा राष्ट्रले यस रोगका धेरै बिरामीहरूको उपचारको बोझ लिनुपर्ने देखिन्छ।

## ४ थालासेमिया (अपुष्ट रक्तकोष रोग ) को परिचय

रातो रक्तकोषमा हुने सामान्य हेमोग्लोबिनको स्थानमा विकृत हेमोग्लोबिनको सृजना हुन्छ यसले गर्दा सामान्य रातो रक्ताकोष जसको आयु ११० देखि १२० दिन सम्मको हुन्छ यसको आयु घटेर १० देखि १५ दिन सम्मको मात्र हुन पुग्दछ परिणाम स्वरूप शरीरमा रगतको मात्रा मा कमि आउँदछ। यस रोग का बिरामीहरूमा शारीरिक र मानसिक बिकाश राम्रो संग हुन पाउँदैन। थालासेमिया धेरै प्रकारका भएपनि जनस्वास्थ्यको हिसाबले थालासेमियालाई अल्फा र बिटा गरि दुई मुख्य प्रकारमा बिभाजन गरिएको छ। बिटा थालासेमियालाइ थालासेमिया मेजर(Transfusion dependent thalassemia ), Thalassemia intermedia र थालेसेमिया माइन र (ट्रेट ) मा बिभाजन गरिएको छ।

यो रोग भूमध्ये सागरको वरपर मात्र ब्याप्त छ भन्ने पहिलेको बिश्वास थियो। हाल आएर एसिया र अफ्रिकाका धेरै स्थानहरूमा विभिन्न समुदायमा यो रोग ब्याप्त छ। माल्दिभ्समा विश्वकै सबै भन्दा बढी १६ प्रतिशत बिटा थालासेमियाका बाहकहरू छन्। नेपालमा समग्र रुपमा ४ प्रतिशत बिटा थालासेमियाको बाहक रहेको अनुमान गरेपनि विभिन्न समुदायमा यसको व्यापकता फरक छ। त्यसैले जनसंख्यामा र विभिन्न समुदायमा यसको सुक्ष्म विश्लेषण (Micro mapping) गर्न आवश्यक छ।

**सिकलसेल र थालासेमियाका लक्षणहरू:**

- सिकलसेल एनेमिया बंशाणुगत रुपमा सर्ने हुँदा बच्चा जन्मेको केही महिनाबाट नै लक्षण सुरु हुनसक्छ।
- पटक पटक शरिर दुख्नु (हड्डी र जोर्नी)
- पटक पटक जण्डीस हुनु,
- रक्तअल्पता हुनु,
- वारम्बार ज्वरो आउने,
- छाती दुख्नु,

- पेट दुख्नु आदि ।

५ **रोगको पहिचान (निदान) :**

**तल उल्लेख गरे अनुसारका रगतको जाँच पछि रोगको पहिचान गर्न सकिन्छ।**

- CBC (Complete blood count)
- Sickling test
- HB Electrophoresis

६ **रोगको उपचार**

चिकित्सकको परामर्शपछि Folic acid, Cap.Hydroxyurea, Pneumococcal Vaccinations, Penicillin, Ketrorlac लगाएत अन्य आवश्यक औषधीहरूको प्रयोग गरिन्छ ।

७ **रोकथामको उपाय**

Primary Prevention: (प्राथमिक रोकथाम ):स्वास्थ्य शिक्षा, परामर्श र बाहक पत्तालगाउने र आनुबंशिक परमर्शलाई उपचार सेवा संग एकीकृत गरिनु पर्दछ ।

**Secondary Prevention**: Prenatal diagnosis and safe abortion,

**Tertiary Prevention**: सिकलसेल र थालासेमियाका बिरामीहरूको standard protocol अनुसार बृहत उपचार (comprehensive treatment)

सिकलसेल एनेमियाबाट बच्न, सिकलसेल ट्रेट वा रोगीले सिकलसेल ट्रेट वा रोगीसँग विवाह गर्नु हुँदैन । साधारण व्यक्तिसँग विवाह गर्नु पर्दछ। यसो गरेमा भावी सन्तति सिकलसेल एनेमियाबाट मुक्त हुन्छन् । सिकलसेल ट्रेट वा रोगी हेमोग्लोविन इलेक्ट्रोफोरेसिस जाँचबाट पत्ता लाग्छ। Genetic Counseling (आनुवंशिक परामर्श) सेवा मार्फत यो सेवा लिन सकिन्छ ।

८ **सिकलसेल एनेमिया र थालसेमियाका बिरामिहरूलाई सेवा**

विपन्न नागरिक औषधी उपचार कोषमा मिति २०७१ साल श्रावण २२ गतेबाट सिकलसेल एनेमिया पनि उल्लेख भएकाले तोकिएको अस्पतालमा प्रति बिरामी रु एक लाख बराबरको सुविधा उपलब्ध छ । तोकिएका अस्पतालहरू हालसम्म १० ओटा छन् । ति अस्पतालहरूको नाम निम्नानुसार रहेका छनः

१. निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ ।
२. महाकाली प्रादेशिक अस्पताल, कन्चनपुर ।
३. सेती प्रादेशिक अस्पताल, धनगढी, कैलाली ।
४. भेरी अस्पताल, नेपालगञ्ज, बाँके ।

५. लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही ।

६. कपिलबस्तु अस्पताल, कपिलबस्तु ।


७. जिल्ला अस्पताल, बर्दिया ।

८. जिल्ला अस्पताल, नवलपरासी ।


९. राप्ति प्रादेशिक अस्पताल, तुल्सिपुर, दाङ ।

१०. स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही, दाङ ।

## सिकलसेल तथा थालासेमिया कुन्डलीको चित्र



# Sickle cell disease/Beta Thalassemia



# सिकल सेल एनिमिया र बिटा थालेसीमीया रोगबाट बच्ने बारे जानकारी

सिकल सेल एनिमिया र बिटा थालेसीमीया रोग वंशाणुगत रूपमा सर्ने एक प्रकारको रक्तअल्पता (Anemia) हो । यस रोगका बिरामीहरूलाई पटक-पटक रगत चढाउनुपर्ने लगायत अन्य विभिन्न औषधी उपचार जिवनभर आवश्यक पर्दछ ।

सिकल सेल एनिमिया र बिटा थालेसीमीयाका सन्तती नजन्माउनका लागि विहेवारी गर्नुपूर्व ध्यान दिन जरूरी छ । **हेमोग्लोविन इलेक्ट्रोफोरेसीस (Haemoglobin Electrophoresis)** जाँचबाट

**(१) सिकल सेलको वाहक (Sickle Cell trait)**

**(२) बिटा थालेसीमीयाको बाहक (Thalassemia minor)**

**(३) सिकल सेलको बिरामी (Sickle Cell Disease)** र

**(४) बिटा थालेसीमीयाको बिरामी (Thalassemia major)**

पत्ता लाग्छ । वाहकहरूको सामान्यतया खासै कुनै लक्षण हुँदैन तर वाहक




वाहक वा वाहक र बिरामी वा बिरामी बिरामी बीच विहेवारी भएमा जन्मने सन्ततीहरू बिरामी हुनसक्छन । समयमा नै विवाह पूर्व हेमोग्लोबीन इलेक्ट्रोफोरेसीस जाँच गरी सिकल/थालेसीमीया कुण्डलीमा उल्लेख भए बमोजिम बैवाहिक निर्णय गरेमा जिवनभर उपचार चाहीने, खर्चिलो रोगबाट बच्न र बचाउन सकिन्छ। हेमोग्लोबीन इलेक्ट्रोफोरेसीस जाँच यस भेरी अस्पतालमा नियमित रूपमा हुन्छ ।

डा. राजन पाण्डे
प्रमुख कन्सल्टेन्ट फिजिसियन एवं विभागीय प्रमुख, मेडिकल विभाग, भेरी अस्पताल
स्रोत व्यक्ति : सिकल सेल, थालेसीमीया कार्यक्रम

डा. वीरेन्द्र बहादुर चन्द
प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट
भेरी अस्पताल

अनुसुचि - ५

# थारु लोक कथाहरूको विषय र संकलकहरूको नामावली

| क.सं. | संकलकको नाम | ठेगाना | संख्या | विषय |
|---|---|---|---|---|
| २ | निर्मला देवी थरुनी | सप्तरी | १२ | १.टिकु दुरा<br>२.दुखनी सुखनी<br>३.चिचु परिहत<br>४.दुहबी सुहबी<br>५.नढिया, खढिया या बटेर<br>६.बदसाहीके धन<br>७.बाघ या काँखोर<br>८.बुद्ध या बाबहन<br>९.बिरिजभान<br>१०.रजाके बेटी<br>११.लोभी बाबहन या नेक नढिया<br>१२.हाडके चौर |
| ३ | बुद्धसेन चौधरी | काठमाडौं | १२ | १. गलत निसाफ<br>२.जे जानेसे पहचाने<br>३.दरपिया के<br>४.निम आ तेतैर<br>५.नोकर से मालिक<br>६.तिरहुत माइफ<br>७.बरह<br>८.बोलीमे बल<br>९.भैगना देवता समान<br>१०.रज बुइधमे चोर बुइध भारी<br>११.दलसिंह धामी<br>१२.फनकलाल या नुनुलाल |

| क्र.सं. | संकलकको नाम | ठेगाना | संख्या | विषय |
|---|---|---|---|---|
| ४ | सन्तोषी चौधरी | उदयपुर | ९ | १.बचन<br>२.तकदिर<br>३ निसाद<br>४.पकठी बुइध<br>५. बानर बानर्नी<br>६.बेल कुमारी रानी<br>७. बिध बिधना<br>८.बियौहबी बनरी<br>९.सतभैंया |
| ५ | इ.लक्ष्मीनारायण चौधरी | उदयपुर | १ | १. जुरसितल |
| ६ | नारायण चौधरी | सुनसरी | १ | १. नन्नु धामी |
| ७ | रामसागर चौधरी | सुनसरी | ३ | १.करमके फल<br>२. पैसाके मोह<br>३. सोंच |
| ८ | नन्दलाल चौधरी | सप्तरी | ४ | १. धौल धमके त भौर चमके<br>२.टिप्पा नै नेडरी सुर्रा<br>३.राजहँस<br>४.देवनाथ, भवनाच |
| ९ | दशरथ प्रसाद थारु | रुपन्देही | १ | १. सदिया और बदिया |
| १० | बम बहादुर थारु | रुपन्देही | २ | १. मेधिया रानी<br>२.सँपराजा |

| क्र.सं. | संकलकको नाम | ठेगाना | संख्या | विषय |
|---|---|---|---|---|
| ११ | हरीमायाँ थनेत थारु | नवलपरासी पूर्व | ११ | १.सिरिन हसे चिडनी मितिन<br>२.हरहुवा<br>३.मनसे<br>४.सियार हसे गोह<br>५.गोरमी<br>६.रोटिक गाछ<br>७.ठगवा<br>८.रबुतनी चरैया<br>९.बनबोका<br>१०.बेलाबत रानी<br>११.सताल सिंह |
| १२ | इन्द्र बहादुर चौधरी | कञ्चनपुर | ९ | १.राजा और बजिर<br>२.राना नल<br>३.करमुवा और सपनो<br>४.जिमा लडैती<br>५.सदा सुकी और सदबिर्छ<br>६.दिल बधना<br>७.रुवाकी घोडा<br>८.करण और लक्ष्मी<br>९.राजा और सात बेटी |
| १३ | डा.कृष्णराज सर्वहारी | दाङ | ७ | १.बाह्रो बर्दया<br>२.हर जोट्ना मछरिया<br>३.डेढ बिट्वा<br>४.गेलप्पन रज्वा<br>५.हग्गु कहाँ?<br>६.फाडिल प्रयास<br>७.दँगिसरन रज्वा |
| १४ | बास्मती राना | कञ्चनपुर | १ | १.दानी राजा |
| १५ | बेचुलाल चौधरी | सुर्खेत | १ | १. राजा हरी भर्थरी |

| **क्र.सं.** | **संकलकको नाम** | **ठेगाना** | **संख्या** | **विषय** |
|---|---|---|---|---|
| १६ | सागर कुश्मी | कैलाली | ७ | १. रानी सरङ्गा<br>२.बुर्हिया ओ गेक्टा<br>३.बुर्हिया ओ बुर्ह्वा<br>४.गिद्धा<br>५.गिडरा ओ गोहुवा<br>६.कुटनी बुर्हिया<br>७.सरजुल चिरैया |
| १७ | हिमलाल चौधरी | | १ | १. चतुर बर्का भैया |
| १८ | सविताश्री चौधरी | | २ | १. चट्टुर नम्हा<br>२. लेलिया भैया और सज्जन डाडु |
| १९ | सुलोचना चौधरी | | १ | १.पुछ उँखार |
| २० | बौखा डंगौरा | | १ | १. ढेल मराइ |
| २१ | दुर्जन चौधरी | | ३ | १.सिकरिया<br>२.रुखवक बैस और सेमरा<br>३.बुड्ढी |
| २२ | सिताराम चौधरी | | ५ | १.दिन और जोन्ह्या<br>२. आँकर गिदरैसे बदला<br>३.सोलरा और बढैया<br>४.चमौटा राजा<br>५.बधवक भोज |
| | **जम्मा** | | ९४ | |

## अनुसूची- ६

### पूर्वी नवलपरासी, चितवन र मकवानपुर जिल्लाका थारू समुदायको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा सूचीकरण सम्बन्धी विवरण

**पूर्वी नवलपरासी जिल्लामा रहेका थारु सांस्कृतिक सम्पदाहरू**

**धार्मिक सम्पदा**

१ श्री वेवरथान महावेवर कुमारवर्तीमाई, देवचुली
२ श्री कुमारवर्तीमाई जमुडारथान, प्रगतिनगर
३ श्री कुमारवर्तीमाई, गडीवानथान, कुश्नहरी
४ श्री कुमारवर्तीमाई देवीथान, भेडावारी
५ श्री कुमारवर्तीमाई महादेव थान, सिकौली
६ श्री कुमारवर्तीमाई शिखरबासिनीथान, रजहरचोक
७ श्री कुमारवर्तीमाई भगवती स्थान, साँड
८ श्री कुमारवर्तीमाई डणावर देवीथान, डण्डा
९ श्री कुमारवर्तीमाई पाँच पाण्डव मडवाभारथान, मदनपुर
१० शिरथान कुमारवर्तीमाई जमुहिनीयाभारीथान, कोलकट्टा
११ सिद्धबाबा मन्दिर, सितापुर
१२ नन्द भाउजु (नन्दी भौजी) ताल, तितौरा
१३ दानव बाबा मन्दिर, लुस्लहरी
१४ जखोड मन्दिर, आँपचौर
१५ चन्द्रहंस खाण मन्दिर, डण्डा
१६ जीतवाहन मन्दिर

**जीतवाहन मन्दिर भित्र स्थापित मूर्तिहरू, कोल्हुवा, पूर्वी नवलपरासी**

१७ रामजानकी मन्दिर
१८ महाराजाथान
१९ हात्तीखोजा शिवालय मन्दिर, अभिवन
२० गोसाईं बाबा
२१ चौधरी महू

**नृत्य**

१ मेडरी नाच (थारू नाच)

२ रसधारी नाच

३ जोगेका नाच

४ झुमरा (रामझुमरी)

५ थारु राष्ट्रिय संग्राहलय अध्ययन केन्द्र

**चितवन जिल्लामा रहेका थारु सांस्कृतिक सम्पदाहरू**

**धार्मिक सम्पदा**

१ मेघौली

२ पटिहानी

३ विक्रमबाबा थान

४ सिमरी टाउन

५ चित्रसारी

६ कठार

७ भीमवली बाबा

८ भोजराज बाबा

९ ब्रह्म थान

१० छिटामाई

**तालहरू**

१ धनौजी ताल

**थारु संस्कृति संग्रहालय**

चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट २८ किलोमिटरको दूरीमा राधाकृष्ण मध्यवर्ती सामुदायिक वन र मेघौली विमानस्थलको मध्यभागमा रहेका सार्वजनिक जग्गामा विक्रम संवत २०६२ सालमा थारू संस्कृति संग्रहालय निर्माण गरिएको छ। यस संग्रहालयको स्वामित्वमा १० कठ्ठा जग्गा रहेको छ। यस संग्रहालय स्थापनाको प्रमुख उद्देश्य थारू संस्कृतिका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण एवं प्रचार प्रसार गर्नु रहेको छ। थारू कला संस्कृतिको अध्ययन, खोज र अनुसन्धान गर्नको लागि यो एक आकर्षक केन्द्र हुन पुगेको छ। फलतः यसबाट पर्यटन विकासमा समेत टेवा पुग्ने देखिन्छ। यसभित्र संग्रहालयको साथै एउटा सभाहल समेत निर्माण गरिएको छ।

# अनुसूचि-७

# पूर्वी नवलपरासी, चितवन र मकवानपुर जिल्लाका थारू समुदायको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अध्ययनबाट औंल्याइएका समस्या एवं समाधानका सुझावहरू

**विद्यमान समस्या**

१. आधुनिक प्रविधिको विकासको प्रभावले थारू परम्परा र संस्कृतिको अभिलेखीकरण,संरक्षण र सम्बर्द्धन हुन सकेको छैन ।

२. आधुनिकता र शहरीकरणको नकारात्मक प्रभाव थारूहरूको मौलिक ज्ञान, सीप र संस्कृतिमा पर्न गई यस्ता अमूल्य निधिहरू लोपोन्मुख हुँदै गइरहेका छन ।

३. परम्परागत रूपमा आदिवासी थारू समुदायको एकल वस्ती रहेका क्षेत्रहरूमा अन्य समुदायको बसाइँ सराइ तथा अतिक्रमणबाट थारू संस्कृतिको मौलिकतामा ह्रासोउन्मूख भई थारू सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र उपयोगमा चुनौती थपिएको छ।

४. अन्य जाति समुदायहरूका तुलनामा थारु समुदायमा गरिबी, बेरोजगारी, सचेतनाको अभाव उल्लेख्य रहेको छ।

५. स्थानीय तह, प्रादेशिक सरकार र संघीय सरकारवाट थारु सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसारका लागि गरिदै आएको प्रयास पर्याप्त नभएको ।

६. थारु समुदायको युवा जनशक्ति शहरी व्यवसाय र रोजगारतर्फ उन्मुख रहेको ।

७. अध्यात्मिक सोच भन्दा भौतिक सोच हावी हुदै गएको।

८. थारु समुदायमा रहेको परम्परागत सीप, ज्ञान र व्यवहारको अधिकतम सदुपयोग हुन नसकेको ।

९. थारु समुदायको संस्कृति सभ्यता विषयक गहन खोज, अनुसन्धान हुन नसकेको ।

१०. शिक्षित थारु परिवारका वालवालिकाहरूमा मातृभाषा भन्दा अन्य भाषामा कुरा गर्न रुचाउने प्रवृत्ति ।

११. थारु पुरोहितको संख्या न्यून हुदैछ, थारु समुदायमा ब्राह्मण पुरोहितको संस्कृतिको प्रभाव बढ्दै गएको र आफ्नो संस्कृतिको महत्व विर्सिने गरिएको ।

१२. थारु नृत्यलाई मनोरञ्जनको रुपमा लिइने गरिएको र त्यसको ऐतिहासिक महत्व विर्सिने गरिएको ।

१३. थारुहरू भुमिपत्र भएर पनि वैदेशिक रोजगारीमा जानु पर्ने वाध्यता रहेको ।

१४. थारुको विशिष्ट पहिचानयुक्त थारु आवासहरू आधुनिक भवनवाट विस्थापित हुनेक्रम बढेको ।

**समस्या समाधानका लागि सुझावहरू**

१. वर्तमान सूचना प्रविधिको उपयोग गर्दै नेपालभरिका थारू समुदायहरूको परम्परागत ज्ञान, सीप, व्यवहार आदिको अभिलेखीकरण गर्ने र वर्तमान सन्दर्भमा के कसरी त्यस्ता ज्ञान, सीप र व्यवहारहरूको अधिकतम उपयोग गर्न सकिन्छ, त्यसतर्फ सरकारी (तीनवटै तह), गैर सरकारी र सामुदायिक प्रयासलाई एकीकृतरूपमा कार्यान्वयनमा लैजानको लागि थारू आयोगले पहल गर्ने ।

२. थारु संस्कृति नेपालको अत्यन्त प्राचिन र समृद्ध संस्कृति हो । यसको वैज्ञानिक अध्ययन गरी यसका व्यवहारीक पक्षहरूलाई औपचारिक एवं अनौपचारिक शिक्षाका पाठ्यक्रमहरूमा समावेश गर्न उपयुक्त हुने देखिन्छ ।

३. देशभरि फैलिएर रहेका थारु समुदायका ऐतिहासिक, सांस्कतिक, पुरातात्विक सम्पदाहरूको पहिचान र अभिलेखीकरण गरी तिनीहरूलाई पर्यटकीय आकर्षणका स्थलहरूमा विकास गरिनु पर्ने ।

४. थारु सम्पदाहरूका पर्यटकीय संभावनाहरूलाई दृष्टिगत गर्दै यस्ता सम्पदाहरूको लागि पर्यटन विकासका पूर्वाधारहरू निर्माण गरिनु पर्ने ।

५. थारु समुदायमा होमस्टे सञ्चालनको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

६. लोपोन्मुख थारू संस्कृतिका वृत्तचित्र निर्माण गर्ने र लोप हुनवाट जोगाउन आवश्यक सहयोग पुर्याउने ।

७. समग्र थारु सम्पदाहरूको विकासको लागि एकीकृत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

८. थारु सम्बद्ध तीर्थस्थल, धार्मिकस्थल र चाडपर्वहरूप्रति गैरथारु समुदायलाई आकृष्ट गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरू लागु गर्ने ।

९. वडागतरुपमा थारु सम्पदाहरूको लगत राख्ने कार्यको लागि थारु आयोगले स्थानीय तहहरूसँग सहकार्य समन्वय गर्ने ।

१०. प्रत्येक प्रदेशमा एक एक र काठमाडौं उपत्यकामा पनि एउटा थारु संग्राहलय स्थापना गर्ने ।

११. सञ्चारमाध्यममा थारुभाषाको प्रयोग बढाउनुपर्ने ।

१२. पूर्व र पश्चिमका थारु भाषामा भिन्नता देखिएकोले कार्यालयीय प्रयोजनको लागि थारु मूल (मानक) भाषा निर्क्यौल हुनुपर्ने ।

१३. थारु विज्ञहरूलाई थारु भाषामा पुस्तक लेख्न प्रोत्साहित गर्ने ।

१४. थारु परिकारयुक्त खाजा खाना खुवाउने होटललाई व्यवसायिक बनाउन सरकारीस्तरवाट प्राविधिक सहयोग उपलब्ध गराइनु पर्ने ।


१५. थारु समूदायको क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने ।

१६. थारु पहिचानयुक्त घर निर्माणको लागि राज्यको तर्फवाट आर्थिकरुपले विपन्न थारु परिवारलाई अनुदान उपलब्ध गराउने ।

१७. थारु बाहुल्य स्थानीय तहमा नागरिक बडापत्र थारू भाषामा र श्रव्यदृश्य माध्यममा राखिनु पर्ने ।

# अनुसुची -९

## लुम्बिनी, गण्डकी र बागमती प्रदेशका विभिन्न जिल्लाका विभिन्न क्षेत्रमा रहेका थारू समुदायका चित्रकला



अष्टिम्की चित्रकला



काष्ठ चित्रकला



घो-वा (घोडा) चित्रकला



ढिक्री चित्रकला



गोद्ना (टिका छेड्ना) को तस्विर



मुठिया चित्रकलाका तस्विर



ढुङ्गे चित्रकला



भित्तेचित्रका तस्विरहरू

# आ.व. २०७८/०७९ मा आयोगका गतिविधि तथा सम्पादित कार्यक्रमका केही झलकहरू




थारु मानक भाषासम्बन्धी केन्द्रिय गोष्ठी, बोडे भक्तपुर ।



थारु मानक भाषासम्बन्धी केन्द्रिय गोष्ठी, बोडे भक्तपुर ।




थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम दुहवी, सुनसरी ।




थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम विरेन्द्रनगर, सुर्खेत ।



थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम देवचुली, नवलपरासी ।




सिकलसेल एनेमिया सम्बन्धी कार्यविधि निमार्ण कार्यको छलफल नेपालगञ्ज, बाँके ।



थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम



सीप विकास सम्बन्धी ढकीया बुन्ने तालिममा सहभागि महिलाहरू देउखुरी, दाङ्ग ।



आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सामूहिक तस्विर



थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम




**थारु महिला लक्षित कानुनी जनचेतना तथा शसक्तीकरण सम्बन्धी कार्यक्रम**



**थारु समूदायको समग्र स्थिती अध्ययन सम्बन्धी स्थानीय सरोकारवालाहरूसँग छलफल**